# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## ताप्ली गाउँपालिका

## उदयपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय


काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

ताप्ली गाउँपालिका

उदयपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## ताप्ली गाउँपालिका

## उदयपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्रयाई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः २०८१।२।१३

प.सं. २०८०।८१

च.नं. ५६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,
ताप्ली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
उदयपुर ।

१. **कैफियत सहितको राय** - हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५ करोड १४ लाख ६२ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू. ९१ लाख ८२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रू. १९ हजार थप बेरुजु कायम भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२५ लाख ८९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ७८ लाख ७३ हजार र नियमित गर्नुपर्ने रू.२ करोड १८ लाख ३७ हजार समेत रू.४ करोड २२ लाख ९९ हजार रहेको छ । यस गाउँपालिकाको गत वर्षसम्म रू.१४ करोड ७ लाख ५५ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू.१८ करोड ३० लाख ५४ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३ हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।



(श्रीकुमार राई)
**नायब महालेखापरीक्षक**

# ताप्ली गाउँपालिका,

# उदयपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | प्रतिक्रियाबाट थप | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | १६७ | ५१४६२ | ० | ५८ | ९१८२ | १९ | ६९ | १०९ | ४२२९९ | २५८९ | २१८३७ | १७८७३ | ० | ० | ३९७१० | |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| उदयपुर | १४०७५५ | ० | ० | १४०७५५ | ० | ४२२९९ | १८३०५४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | ५ | संघीय समपुरक अनुदान फिर्ता गरेको प्रमाण पेश | ४८३३४७ |
| २ | | ६ | प्रदेश समपुरक अनुदान फिर्ता गरेको प्रमाण पेश | २९९९७९६ |
| ३ | | ७ | संघीय ससर्त तथा विशेष अनुदान फिर्ता गरेको प्रमाण पेश | २७०२६६७ |
| ४ | | ३७ | मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश | ५९६३६०.४० |
| ५ | | ३८ | पेस्की फस्योंट | ४५००० |
| ६ | | ३९ | ब्याज रकम असुल | ७१२०१ |
| ७ | | ५७ | ट्याक्टर भाडा असुल | ११००० |
| ८ | | ७४ | मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश | ११०५६२ |
| ९ | | ८१ | दोहोरो भ्रमण खर्च असुल | ११६०० |
| १० | | ८३ | ९ जनालाई बढी भुक्तानी भएको रकम असुल | ५४६८७ |
| ११ | | ८७ | वितरण भरपाईको प्रमाण पेश | ९३००० |
| १२ | | ९१ | अनुपस्थित बैठक भत्ता ६ जनाबाट असुल | ५१०० |
| १३ | | ९४ | कर रकम असुल | १३७२१ |
| १४ | | ९५ | कार्यालय समयको बैठक भत्ता ९ जनाबाट असुल | १३२६० |
| १५ | | ९६ | कार्यपालिका बैठक भएको दिनको भ्रमण खर्च असुल | १०००० |
| १६ | | ९७ | घटी करकट्टी गरेको रकम असुल | ३४६७५ |
| १७ | | ९८ | बढी भुक्तानी भएको प्रशिक्षण तथा कार्यपत्र भत्ता रकम असुल | ३९३०० |
| १८ | | १०१ | अवलोकन भ्रमणमा खाना तथा बासको व्यवस्था भएकोमा भुक्तानी भएको भ्रमण भत्ता ४ जनाबाट असुल | ८००० |
| १९ | | १०४ | शिक्षकहरुलाई तालिमको भत्ता बुझाएको प्रमाण पेश | २०४०० |
| २० | | १०४ | नर्म्सभन्दा बढी भुक्तानी भएको रकम असुल | १७८५० |
| २१ | | १०६.२ | विद्यालयबाट रकम असुल गरी संघीय सञ्चितकोषमा रकम जम्मा गरेको प्रमाण पेश | ३००००० |

| | | | | |
|---|---|---|---|---|
| २२ | | १०८ | बढी दरले भुक्तानी भएको कार्यपत्र तथा प्रशिक्षण भत्ता रकम असुल | २१५९० |
| २३ | | १०९ | पालिकाबाट सोधभर्ना गरी संघीय सञ्चितकोषमा रकम जम्मा गरेको प्रमाण पेश | १३२४९८३ |
| २४ | | ११० | पालिकाबाट सोधभर्ना गरी संघीय सञ्चितकोषमा रकम जम्मा गरेको प्रमाण पेश | १८०००० |
| २५ | | ११५ | बिल भरपाईभन्दा बढी भुक्तानी गरेको रकम असुल | १३८४५ |
| | **चालु वर्षको जम्मा** | | | ९१८१९४४.४० |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | - | - | - |
| | **२०७७।७८** | - | - | - |
| | **२०७६।७७** | - | - | - |
| | **गत विगतको जम्मा** | - | - | - |
| | **कुल जम्मा** | | | ९१८१९४४.४० |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) ताप्ली गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिकाको वडा संख्या ५, क्षेत्रफल ११९ वर्ग कि.मी. र जनसंख्या १४५६७ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१७ देखि २०८०।६।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय-व्ययतर्फ रू.८६,६२,७८,७५७।५४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.२,१९,१३८।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम रू. |
|---|---|---|
| १ | विभिन्न कर | २४६०० |
| २ | सामाजिक सुरक्षा भत्ता बाँकी रकम | १९४५३८ |

२ **प्राप्ति भुक्तानी हिसाब** - पालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति भुक्तानी हिसाब देहाय अनुसार छ ।

| प्राप्ति भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| | | यस वर्ष रू. | | | |
| विवरण | टिप्पणी | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ति (क+ख) | | ४२,४०,१२,५६०.०० | ३७,०३,७६,१०६.७७ | | ३७,०३,७६,१०६.७७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४२,४०,१२,५६०.०० | ३६,७७,८१,७६९.६३ | ० | ३६,७७,८१,७६९.६३ |
| ११००० कर | ११ | ७,८३,०९,५६०.०० | ६,८३,१२,८६७.८२ | ० | ६,८३,१२,८६७.८२ |
| १३००० अनुदान | | ३३,२९,४३,०००.०० | २९,९०,३१,५५१.८१ | ० | २९,९०,३१,५५१.८१ |
| संघीय सरकार | १२ | ३०,९६,५३,०००.०० | २७,६१,०१,४७७.८१ | ० | २७,६१,०१,४७७.८१ |
| प्रदेश सरकार | १२ | २,३२,९०,०००.०० | २,२९,३०,०७४.०० | ० | २,२९,३०,०७४.०० |
| १४००० अन्य राजस्व | | ४,६०,०००.०० | ४,३७,३५०.०० | ० | ४,३७,३५०.०० |
| ३२००० वित्तीय सम्पत्ति | | १,२३,००,०००.०० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | | २५,९४,३३७.१४ | | २५,९४,३३७.१४ |
| वितरण गर्न बाँकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | ० | ० | ० | ० |
| धरौटी | | ० | २५,९४,३३७.१४ | ० | २५,९४,३३७.१४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४२,४०,१२,५६०.०० | ३६,०३,४७,१११.५५ | | ३६,०३,४७,१११.५५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४२,४०,१२,५६०.०० | ३५,७९,६२,७६०.९७ | | ३५,७९,६२,७६०.९७ |
| २१००० पारिश्रमिक/ सुविधा | १८ | १३,८३,८०,५६०.०० | १३,३२,९९,८९१.४७ | ० | १३,३२,९९,८९१.४७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,४८,९९,०००.०० | १०,०९,८४,०३७.७० | ० | १०,०९,८४,०३७.७० |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | २४,००,०००.०० | १८,८९,९१५.०० | ० | १८,८९,९१५.०० |
| २८००० अन्य खर्च | १८ | ७,००,०००.०० | ६,८८,४८९.०० | ० | ६,८८,४८९.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च | १८ | १५,७६,३३,०००.०० | १२,११,००,४२७.८० | ० | १२,११,००,४२७.८० |
| घ. अन्य भुक्तानी | | | २३,८४,३५०.५८ | | २३,८४,३५०.५८ |
| कोषहरु | | ० | ० | ० | ० |
| धरौटी | | ० | २३,८४,३५०.५८ | ० | २३,८४,३५०.५८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्यून) | | | १,००,२८,९९५.२२ | | १,००,२८,९९५.२२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १,९२,७८,२८८.७८ | | १,९२,७८,२८८.७८ |
| वर्षान्तको बाँकी रकम (ङ + च) | | | २,९३,०७,२८४.०० | | २,९३,०७,२८४.०० |
| बैंक तथा नगद बाँकी | २४ | | २,९३,०७,२८४.०० | | २,९३,०७,२८४.०० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.५,४२,२६,८२६।-, एकीकृत

स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू.१,३५,५०,९४३।६१, पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको सोधभर्ना भएको रकम रू.२३,१२,८२६।-, विविध खर्च खातामा आम्दानी भएको रू.१,३४,९५७।२५ र प्रकोप व्यवस्थापन कोषको रकम रू.३,०१,९०३।०३ समेत रू.७,०५,२७,४५५।८९ सुत्रमा लेखाङ्कन गरेको छैन । पालिकाको सम्पूर्ण आर्थिक कारोवार नसमेटेको कारण सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको हिसाव भिडान गरी आम्दानी खर्च र मौज्दात यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रू.२,७६,४२,९५८।- मौज्दात रहेकोमा यो वर्ष रू.१,९२,७८,२८८।७८ जिम्मेवारी सारेको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.८३,६४,६६९।२२ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रू.

| प्रमाण पेश नगरेको | ८३,६४,६६९ |
|---|---|

३.३ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाबमिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातमा देहायअनुसार रू.२७,०७,६६६।११ फरक देखिन्छ । म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैंक मौज्दात बीच हिसाब मिलान गर्नु पर्दछ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रू. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रू. | फरक रू. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १९२३३५७४.७३ | १९२३३५७४.७३ | ० |
| चालु खर्च खाता | ० | १६३६९१९.४६ | १६३६९१९.४६ |
| पुँजीगत खर्च खाता | ० | १०७०७४६.६५ | १०७०७४६.६५ |
| स्थानीय तह धरौटी खाता | ३५४५३७५.३४ | ३५४५३७५.३४ | ० |
| आन्तरिक राजस्व खाता | २२८३६८०.७६ | २२८३६८०.७६ | ० |
| बाँडफाँटबाट प्राप्त राजस्व खाता | २११३३१.६३ | २११३३१.६३ | ० |
| आन्तरिक अनुदान खाता | ४०३३३२१.५४ | ४०३३३२१.५४ | ० |
| जम्मा | २९३०७२८४. | ३२०१४९५०.११ | |
| **कुल जम्मा** | | | **२७०७६६६.११** |

सैद्धान्तिक बेरुजु

४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रू.१६,३६,९१९।४६, पुँजीगत खातामा

रू.१०,७०,७४६।६५, आन्तरिक राजस्व खातामा रू.२२,८३,६८०।७६, राजस्व बाँडफाँट खातामा रू.२,११,३३१।६३ र आन्तरिक अनुदान खातामा रू.४०,३३,३२१।५४ समेत रू.९२,३६,०००।०४ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५ **संघीय समपुरक अनुदान फिर्ता**

...................... ***(प्रारम्भिक प्रतिवेदन उपर संघीय समपुरक अनुदान फिर्ता भएको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा रू.४,८३,३४७।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

६ **प्रदेश समपुरक अनुदान फिर्ता**

...................... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रदेश समपुरक अनुदान फिर्ता भएको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा रू.२९,९९,७९६।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

७ **फिर्ता गर्न बाँकी अनुदान**

...................... ***(प्रारम्भिक प्रतिवेदन उपर संघीय ससर्त तथा विशेष अनुदान फिर्ता भएको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा रू.२७,०२,६६७।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको।)***

८ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पदाधिकारीहरुको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उप प्रमुखले मिति २०७९।०३।१० मा रू.४२ करोड ४० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२९ मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

११ **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष राष्ट्रिय बिधुत प्रशरण लाईन शीर्षकमा रू. ३ करोड अबण्डा बजेट व्यवस्था गरी विभिन्न १७ योजनामा रू.२ करोड ३० लाख ६२ हजार खर्च गरेको छ । त्यसै गरी पालिकाले म्याचिङ्ग फण्ड शीर्षकमा रू.२ करोड बजेट व्यवस्था गरी समपुरक योजनामा भएको खर्च बाहेक विभिन्न २० योजनामा रू.१ करोड ६३ लाख ८६ हजार खर्च गरेको छ । पालिकाले बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १९२ योजनामा रू.१२ करोड ८० लाख ९४ हजार बजेट विनियोजन गरेको छ ।

| विवरण | योजना संख्या | रकम रू. हजारमा |
|---|---|---|
| १ लाख भन्दा कम | ८२ | ६२४० |
| १ लाख देखी २ लाख सम्म | ५३ | ८१६५ |
| २ लाख देखी ५ लाख सम्म | ३२ | ११७८७ |
| ५ लाख देखि १० लाख सम्म | ९ | ७४०८ |
| १० लाख भन्दा माथी | १६ | ९४४९४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७३

योजनामात्र कार्यान्वयन भई १९ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **योजना छनौट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट रकम रू. | खर्च रकम रू. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५३९११००० | ४६०७०७६८.५३ | १२.८७ |
| २ | सामाजिक क्षेत्र | १८७१२८००० | १६५६६५९७०.४९ | ४६.२८ |
| ३ | पूर्वाधार विकास क्षेत्र | ९८५००००० | ७५२८९५९१.८८ | २१.०३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८१४८००० | ६५६२६८२. | १.८३ |
| ५ | कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ७६३२५५६० | ६४३७३७४८.०७ | १७.९९ |
| **जम्मा** | | **४२४०१२५६०** | **३५७९६२७६०.९७** | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४६.२८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.८३ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१५ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १२११०० | १३४८ | ५५०१ | २७६७९ | ८६५७२ | ५७४६९ |
| प्रतिशत | १०० | १.११ | ४.५४ | २२.८६ | ७१.४९ | ४७.४५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रू.१२ करोड ११ लाख पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.१३ लाख ४८ हजार (१.११ प्रतिशत), दोस्रो त्रैमासिकमा रू. ५५ लाख १ हजार (४.५४ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.२ करोड ७६ लाख ७९ हजार (२२.८६ प्रतिशत) र चौथो त्रैमासिकमा रू.८ करोड ६५ लाख ७२ हजार (७१.४९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.५ करोड ७४ लाख ६९ हजार (४७.४५ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **प्रगति प्रतिवेदन -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, प्रदेशस्तर, जिल्ला तथा केन्द्रियस्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

१७ **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवस्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षक नियुक्ति गरी तलब भत्ता भुक्तानी खर्च गरेको भए तापनि यस पालिकाले यो वर्षको खर्च तथा आम्दानीका कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्ः

**बजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दिर्घकालीन योजना तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका तयार गरेको पाइएन,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकीकरण गरेको देखिएन,

• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार नगरेको,

**भ्रमण खर्च व्यवस्थापन तर्फ**

• भ्रमण अभिलेख खाता राख्ने नगरेको,

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,

• गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेमा सो अनुसार गर्ने नगरेको,

**खरिद व्यवस्थापन तर्फ**

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेको तर अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा उल्लेख गर्ने नगरेको,
• उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको,
• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,
• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको,
• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,
• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) - कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रुपमा नभएको,
• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,
• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको,

**विविध तर्फ**

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,
• कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
• विविध खर्च गर्दा विभिन्न होटलका बिल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न नगरी बिल मात्र राखि खर्च गर्ने परिपाटी रहेको,
• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेस्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेस्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो अनुसार नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **सूचना प्रविधी पद्दति -** गाउँपालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा परीक्षण गर्दा देहायअनुसारको अवस्था देखियोः

• सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नदेखिएको र कार्यालयको नियन्त्रणमा रहेको पाइएन।

• म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धि सफ्टवेयर म्यानुअल कार्यान्वयन गरेको पाइएन ।

• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन ।

• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

२० **जिन्सी व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छन्:

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा प्रविष्टी गरेको पाइएन । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्वन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धीत निकायहरुमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका तथा गाउँपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख खडा नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २१ जिन्सी सामाग्री

२१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्था सम्बन्धमा वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गरी गराई जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने उल्लेख छ ।साथै नियम १०० मा प्रत्येक कार्यालयले गत आर्थिक वर्षको मौज्दात, चालू आर्थिक वर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान र वस्तुगत सहायताको रुपमा प्राप्त भएको मालसामान समेत उल्लेख गरी कुल सम्पत्ति तथा जिन्सी मालसामानको परिमाण र मूल्य,चालू आर्थिक वर्षमा लिलाम, मिनाहा वा हस्तान्तरण भई खर्च भएको परिमाण र मूल्य तथा बाँकी जिन्सी मालसामानको परिमाण र मूल्य समेत खुलाई जिन्सी मालसामानको स्रेस्ता तोकिएको स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । पालिकाले नियमावलीको व्यवस्था बमोजिम जिन्सी निरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको देखिएन साथै देहायबमोजिमका जिन्सी सामानहरु आर्थिक वर्ष २०७८।७९ बाट २०७९।८० मा र आर्थिक वर्ष २०७९।८० बाट २०८०।८१ मा जिम्मेवारी सारेको देखिएन । जिन्सी निरीक्षण नगराउँदा र एक आर्थिक वर्षबाट अर्को आर्थिक वर्षमा मौज्दातको जिम्मेवारी नसार्दा कार्यालयका जिन्सी सामानको हिनामिना हुन सक्ने भएकोले नियमानुसार जिन्सी निरीक्षण गराई प्रतिवेदन प्राप्त गर्नुपर्दछ । आर्थिक वर्ष २०७८।७९ को जिम्मेवारी नसारेको जिन्सी सामानको मूल्य रू.३,४२,८९०।- कार्यालय प्रमुख, भण्डार शाखा प्रमुख लगायत सम्बन्धित कर्मचारीहरुलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ र यस आर्थिक वर्ष रू.१२,११,३५०।- को जिम्मेवारी नसारेको जिन्सी सामाग्रीहरुको हकमा नियमावलीमा व्यवस्था भए बमोजिम जिम्मेवारी सार्न लगाई प्रमाण पेश गर्नुपर्ने रू.

**आर्थिक वर्ष २०७८।७९ को जिन्सी मौज्दात २०७९।८० मा जिम्मेवारी नसारेको**

| क्र.सं. | विवरण | खा.पा.नं. | परिमाण | दर | रकम रू. |
|---|---|---|---|---|---|
| **१ नं खाता** | | | | | |
| १ | जुटको डोरम्याट | २८ | १५ थान | १२०० | १८००० |
| २ | वाल्टिन | २९ | १८ थान | ४८० | ८६४० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | आरी | ३० | १० थान | ४०० | ४००० |
| ४ | पर्दा | ३१ | ५ थान | ११०० | ५५०० |
| ५ | फोटोफ्रेम | ३२ | १० थान | ५०० | ५००० |
| ६ | फोटोकपी पेपर | ३३ | १० रिम | २५० | २५०० |
| ७ | डायरी | ३४ | ४२ थान | ३७५ | १५७५० |
| ८ | कार्वन | ३७ | २० रिम | ५०० | १०००० |
| ९ | सेलो डटपेन | ५१ | ७० वटा | ३० | २१०० |
| १० | रेकर्ड फाइल | ४३ | ३०० थान | १० | ३००० |
| ११ | मार्कर | ४४ | २० वटा | ७२० | १४४०० |
| १२ | कोब्रा फाइल | ४५ | ४०० वटा | ४० | १६००० |
| १३ | पाइलट पेन | ४७ | १५ दर्जन | १५०० | २२५०० |
| १४ | सामाजिक सुरक्षा कार्ड | ५३ | ३००० थान | ३० | ९०००० |
| १५ | रिङ फाइल | ५५ | २०० थान | १५० | ३०००० |
| १६ | लेटरप्याड | ६० | २० रिम | ३५० | ७००० |
| १७ | डोरम्याट | ६८ | १० थान | १६०० | १६००० |
| **२ नं खाता** | | | | | |
| १ | खाम | ९४ | ५००० थान | ५ | २५००० |
| २ | वडा रजिष्टर | ९६ | १०० थान | ४७५ | ४७५०० |
| **जम्मा** | | | | | **३४२८९०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४२,८९० |

**२१.२ आर्थिक वर्ष २०७९।८०को जिन्सी मौज्दात २०८०।८१ मा जिम्मेवारी नसारेको**

| क्र. सं. | विवरण | खा. पा. नं. | मौज्दात | दर | रकम रू. |
|---|---|---|---|---|---|
| **खाता नं २** | | | | | |
| १ | त्रिपाल | १०२ | ९० थान | १६७२.५६ | १५०५३० |
| २ | रिङ फाइल | १०६ | २४ थान | १३५ | ३२४० |
| **खाता नं १** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | खाम A3 | ४ | ५०० थान | २० | १०००० |
| २ | फोटोकपी | ६ | ३०० रिम | ६९५ | २०८५०० |
| ३ | रजिष्टर | ७ | ३० थान | २०० | ६००० |
| ४ | नागरिकता फारम | १९ | ५ ठेली | १५०० | ७५०० |
| ५ | हर्पिक | ७० | १०० थान | १४५ | १४५०० |
| ६ | फिनेल | ७१ | १०० थान | १४५ | १४५०० |
| **खर्च नहुने जिन्सी सामानहरु** | | | | | |
| १ | उषा सिलाई मेशीन हेभी | ३६ | ३० थान | १५३०० | ५१८६०० |
| २ | इन्टरलक | ३७ | १५ थान | १४००० | २३७३०० |
| ३ | आइरन | ३८ | १५ थान | १९२१ | २८८१५ |
| ४ | कैंची | ३९ | १५ थान | ७९१ | ११८६५ |
| **जम्मा** | | | | | **१२११३५०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,११,३५० |

२२ **हेभी ईक्वीपमेन्टको आय स्थिति -** पालिकाले आफ्नो नाममा रहेको मेसिनहरुको उपयोग तथा दीगो व्यवस्थापन को लागि कार्यविधि तयार गरी व्यवस्थित तरिकाले सञ्चालन गर्नु पर्दछ। लेखापरीक्षणको क्रममा पालिकाले खरिद गरेको एक एक्साभेटर र एक ट्रक सञ्चालनमा रहेको देखियो । उक्त मेसिन पालिकाको कार्यमा र समय समयमा अन्यत्र भाडामासमेत प्रयोग हुने भए तापनि पालिकाले सञ्चालन सम्वन्धि व्यवस्थित अभिलेख राखी आम्दानी असुल गरेको छैन। मेसिन सञ्चालन भएको समय, ईन्धन खर्च खुल्ने लगसिट तथा आम्दानीको व्यवस्थित अभिलेख राख्ने नगरेबाट यी साधनहरुको सञ्चालन आय तथा व्यय अवस्था यकिन गर्न सक्ने अवस्था रहेन । व्यवस्थित तरिकाले मेसिन सञ्चालन गरी सो बाट प्राप्त हुने आय पालिकाको खातामा जम्मा भएको सुनिश्चित हुने प्रणाली विकास गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२३ **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ५ वटा नियमावली तथा १९ वटा कार्यविधि लगायत ४१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवस्यक कानुनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी विवाद नरहेकोमा यो बर्ष दर्ता भएका ११ वटा विवाद मध्ये ४ वटा फस्यौंट भई प्रतिवादी गाउँपालिका भन्दा बाहिर रहेको कारणले ७ वटा विवाद फस्यौंट हुन बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **सेवा प्रवाह** - कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ पञ्जिकरण दर्ता ४२३, नागरिक्ता सिफारिस २८६, घरवाटो सिफारिस ४३, नाता प्रमाणित १४३, अन्य सिफारिस १०५६ लयागतका सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालई अझै सरल, सहज, मितव्ययि, गुणस्तरीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **वित्तीय जोखिम मूल्याङ्कन** - पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व.२०७८।७९ मा ३०.५ प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व.२०७८।७९ मा ४९.५ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले क्षमता स्वमुल्याङ्कनका क्रममा संगठन तथा प्रशासन, सेवा प्रवाह, भौतिक पूर्वाधार, सामाजिक समावेशिकरण, वातावरण संरक्षण र विपद व्यवस्थापन र सहकार्य र समन्वय लगायतका विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ । साथै जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, कार्यान्वयन क्षमता तथा व्यवस्थापन, अनुगमन, मुल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापन लगायतका विषय क्षेत्रमा भएको जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ |पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीहरुको

रू.९६,२६,००७।- र पालिकाका कर्मचारीहरुको रू.९३,९५,५१९।- समेत रू.१,९०,२१,५२६।-खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी समायोजन पश्चात संगठन तथा व्यवस्गापन सर्वेक्षण गरेको पाइएन । लेखापरीक्षणको क्रममा दरबन्दी विवरण माग गरेकोमा पालिकाले सो को विवरण उपलब्ध नगराएकोले दरबन्दी पदपूर्ति बारे विश्लेषण गर्न सकिएन । पालिकाको तलबी विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २७ जना स्थायी तथा १८ जना करार तर्फ कार्यरत रहेको पाइयो । जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।

सैद्धान्तिक बेरुजु

३० **करार कर्मचारी व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा १८ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रू.७१,८२,३९८।- खर्च लेखेको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक इन्जिनियर १, सब इन्जिनियर १, असिस्टेन्ट सव इन्जिनियर १, रा. प. अनं. तृतीय (मुखिया) १, कम्प्युटर अपरेटर १ लगायत ५ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रू.१९,९५,०४९।- भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १९,९५,०४९ |

३१ **कर्मचारी कल्याणकोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । पालिकाले कर्मचारी कल्याण कोष शीर्षकमा रकम विनियोजिन गरी यस वर्ष गाउँपालिका चालु शीर्षकबाट

उक्त कोषमा रू.१०,००,०००।- ट्रान्सफर गरेको पाइयो । पालिकाले एकमुष्ठ रकम कोषमा जम्मा गरे तापनि कर्मचारीबाट कट्टा गर्नु पर्ने रकम कट्टा गरेको देखिएन । साथै उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानुनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

३२ **ठेक्का अभिलेख -** ठेक्काबाट भएको कामको अभिलेख कायम हुनेगरी सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः ठेक्का व्यवस्थापनलाई व्यवस्थित तथा पारदर्शी बनाउन स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३ **खरिद कारवाही अभिलेख -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरुमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम कागजात संलग्न राखि अभिलेख तयार गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी अध्यक्षको तोकआदेश बमोजिम विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रू.१७,४१,९१५।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.२२ लाख ७८ हजारको ७६.४३ प्रतिशत हुन आउँछ। आर्थिक सहायता वितरण गर्न पालिकाले कर्मचारीलाई पेस्की दिई आर्थिक वर्षको अन्त्य तिरमात्र पेस्की फस्यौंट गर्ने गरेको पाइयो । आर्थिक सहायता वितरण गर्न कर्मचारीलाई पेस्की दिने कार्यलाई निरुत्साहित गर्दै निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३५ **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिकाले कुल रू.२४,५४,८९१।- खर्च गरेको छ । त्यस अतिरिक्त विभिन्न वडाहरुले रू.८,१५,१६६।- विविध खर्च शीर्षकमा खर्च गरेको छ । पालिकाले के कुन कार्यक्रममा, सहभागी संख्या, प्रयोजन समेत नखुलाई विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतका खर्च गर्ने गरेकोले पालिकाको विविध खर्चको

यर्थाथता परीक्षण गर्न सकिएन । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.२२ लाख ७८ हजारको १४३.४९ प्रतिशत हुन आउँछ। पालिकाले विविध खर्चमा नियन्त्रण गर्न प्रयोजन खुलाई आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३६ **मर्मत खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रू.१९,७८,१२०।- खर्च गरेको छ । सवारी साधन मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत तथा संरक्षण अभिलेख खाता नराखेकोले सवारी मर्मतखर्चको यथार्थता परीक्षण गर्न सकिएन । तसर्थ नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **धरौटी फिर्ता -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ (२) मा कार्यालयले रिटेन्सन मनि फिर्ता भुक्तानी गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले कर विवरण पेश गरेको प्रमाण कागजात नलिई देहायबमोजिमको रिटेन्सन मनि फिर्ता गरेको देखियो । अतः पालिकाबाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको पत्र पेश हुनुपर्ने रू.

| भौचर नं र मिति | भुक्तानी पाउनेको नाम | प्यान नं | फिर्ता रकम |
|---|---|---|---|
| ९-२०७९।०५।१५ | आजाद निर्माण सेवा | ३०४७२३२६१ | ४४४२२६ |
| ३-२०७९।०५।२१ | राजेश एण्ड विशाल निर्माण सेवा प्रा. लि . | ६०६८६०५२९ | ९४०६०.६० |
| ५-२०७९।०५।०५ | सोहन कन्स्ट्रक्सन | ३०२५७२४७० | १३६४९६३.४१ |
| **जम्मा** | | | **१९०३२५०.०१** |

...................... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-७ मा ४२११००.५७ र मिति २०८०-१२-२७ मा रू.१,७५,२५९।८३ सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)*

| प्रमाण पेश नगरेको | १९,०३,२५०.०१ |
|---|---|

३८ **पेस्की बाँकी**

...................... *(प्रारम्भिक प्रतिवेदन उपर पेस्की फस्यौंट गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-७ मा रू.४५,०००।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)*

३९ **पेस्की रकम**

...................... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-७ मा रू.७१,२०१।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)*

४० **म्याद ननाघेको पेस्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेस्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष एकीकृत स्वास्थ्य पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत रौताहा कन्स्ट्रक्सन प्रा.लि.को रू.८७,८९,९९६।- पेस्की बाँकी रहेको छ । पेस्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेस्कीको समेत एकीकृत हिसाव कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **गत विगतको पेस्की -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५३ मा तोकिएको समयमा पेस्की फस्र्यौट नगरेका कर्मचारी वा अन्य व्यक्तिको फस्र्यौट गर्न बाँकी पेस्कीको विवरण हरेक महिना समाप्त भएको ३ दिनभित्र कार्यायल प्रमुखसमक्ष पेश गरी ढिलो फस्र्यौट गरिएका पेस्की फस्र्यौट गर्न तोकिए बमोजिम ताकेता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको पुल्टार ओडारे बाच्छाङ्ग झो.पु.उ.स.को गत विगतको पेस्की रकम रू.६,००,०००।- लेखापरीक्षण अवधिसम्म फस्र्यौट गरेको देखिएन। पालिकाले नियमावलीको पालना गरी गत विगतको पेस्की रकम फस्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई कार्य गराएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४४ **योजनाको अनुगमन -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १६ को उपदफा (४) ख ५ मा गाउँपालिका उपाध्यक्षको काम कर्तव्य र अधिकार अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमन तथा सुरपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने उल्लेख छ ।यस पालिकाले उपाध्यक्षको संयोजकत्वमा अनुगमन समिति गठन गरेको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पालिकाको सभाले १९२ योजना स्वीकृत गरेकोमा १७३ योजना कार्यान्वयन गरेको देखिन्छ । नमुना छनौटको आधारमा स्रेस्ता परीक्षण गर्दा योजना अनुगमन समितिले पेश गरेको अधिकांश योजना अनुगमन फारमहरुमा योजनाको कार्य प्रगति, सुधार गर्नुपर्ने विषय तथा सुझाव सम्बन्धमा कुनै पनि विवरण

उल्लेख नगरी पदाधिकारीहरुले हस्ताक्षरमात्र गरेको देखिन्छ । योजनाहरुलाई उद्देश्य अनुरुप गुणस्तरीय रुपमा सम्पन्न गर्नको लागि निरन्तर अनुगमन गरी यथार्थ अवस्थाको सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **सहकारी नियमन -** ताप्ली गाउँपालिकाको सहकारी ऐन, २०७९ को दफा ७४ अनुसार सहकारी दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र सहकारी संस्थाको निरीक्षण गरी सञ्चालनमा रहेको संस्थाहरुको विवरण, अनुगमन गरेको सहकारी संस्थाको संख्या, आर्थिक कारोबारको विवरण, सहकारी कानुन पालनाको अवस्था, सहकारीमा सदस्यको सहभागिता तथा सदस्यले सहकारीबाट प्राप्त गरेका सुविधा लगायतका व्यहोराहरु खुलाई वार्षिक प्रतिवेदन पालिका समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाभित्र दर्ता भएका सहकारी संस्थाको विवरण तथा उक्त सहकारी संस्थाहरुको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । सहकारी अनुगमनको अभावमा सहकारीको यथार्थ अवस्थाको वारेमा विश्लेषण गरी आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्रभावकारी निरीक्षण तथा अनुगमनको अभावमा सर्वसाधारणको सामान्य बचत सुरक्षित रहन नसक्ने अवस्था समेतलाई ध्यान दिई पालिकाले ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू. २२ लाख ७८ हजार, गत आर्थिक वर्षको मौज्दात रू. १ करोड ५९ लाख ४२ हजार, राजस्व बाँडफाँटबाट रू.६ करोड ३२ लाख ५५ हजार र अनुदानबाट रू.२९ करोड ९० लाख ३१ हजार समेत रू. ३८ करोड ९ लाख २३ हजार आम्दानी भएकोमा चालुतर्फ रू.२३ करोड ६८ लाख ६२ हजार र पुँजीगततर्फ रू.१२ करोड ११ लाख समेत रू. ३५ करोड ७९ लाख ६२ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०. ७५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू. ४४ लाख ८८ हजार खर्च भएको छ जुन आन्तरिक आयको १९७.०१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६६.१७ प्रतिशत चालु र ३३.८३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **राजश्वको अभिलेख -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाले दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) , राजस्व आम्दानी बैक नगदी किताब (म.ले.प.फा. नं. १०८) तथा राजस्वको बैक हिसाव मिलान विवरण (म.ले.प.फा.नं. १०९) राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४८ **आन्तरिक राजस्व अनुमान तथा असुली -** यो वर्ष गाउँपालिकाले बाँडफाँटबाट प्राप्त हुने कर रू.७,६७,६९,५६०।- र आफ्नै स्रोतबाट रू.२०,००,०००।- समेत जम्मा रू.७,८७,६९,५६०।- आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा राजस्व बाँडफाटबाट रू.६,४३,२१,९६३।- र आन्तरिक आम्दानी रू.२२,७८,८८१।- समेत जम्मा रू.६,६६,००,८४४।- आम्दानी गरेको देखिन्छ । गाउँपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली बीच अन्तर रहेको छ । गाउँपालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने र समयमा बैंक दाखिला समेत नगर्ने परिपाटी रहेकोले उल्लिखित असुली तथा दाखिला प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सवैलाई करको दायारामा ल्याउनु पर्दछ ।

| शीर्षक | अनुमान | असुली | प्रतिशत |
|---|---|---|---|
| ११३१३ सम्पती कर | ० | ० | ० |
| ११३१४ भुमिकर/मालपोत | ५००००० | ४९१२४३ | ९८.२५ |
| ११३२१ बहाल कर | २०००० | २०००० | १०० |
| ११६९१ अन्य कर | १०२०००० | १३३०२८८ | १३०.४२ |
| १४२२१ न्यायिक दस्तुर | २०००० | ९८०० | ४९ |
| १४२२४ परीक्षा शुल्क | ५०००० | ३७८०० | ७५.६ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ० | ० | ० |
| १४२४२ नक्सा पास | २०००० | २०००० | १०० |
| १४२४३ सिफारिस दस्तुर | ३००००० | २९९७५० | ९९.९२ |
| १४२४४ व्यक्तिगत घटना दर्ता | २०००० | २०००० | १०० |
| १४२४५ नाता प्रमाणित | ५०००० | ५०००० | १०० |
| १४२४९ अन्य दस्तुर | ० | ० | ० |
| **जम्मा** | **२००००००** | **२२७८८८१** | **११३.९४** |

सैद्धान्तिक बेरुजु

४९ **रसिद नियन्त्रण खाता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्छ । कार्यालयले यो वर्ष प्रयोग भएको रसिदको टिपोट राखेको भए तापनि गत विगतको बाँकी रसिद, यस वर्ष छपाई भएको

रसिद र यो वर्ष वडा कार्यालयहरु लगायत गाउँपालिका कार्यालयले प्रयोग गरेको रसिद र आगामी वर्षको लागि जिम्मेवारी सारेको खुल्ने गरी रसिद नियन्त्रण खाता तयार गरी कार्यालय प्रमुखबाट प्रमाणित गरेको पाइएन । रसिद नियन्त्रण खाताको व्यवस्थित अभिलेख नहुँदा आर्थिक वर्षभरी जारी गरीएका सबै नगदी रसिदबाट हुनुपर्ने आम्दानी प्राप्त भयो भएन यकिन हुन सकेन । कार्यालयले प्रयोग गर्ने रसिदको व्यवस्थित अभिलेख राखी सबै रसिदबाट उठेको रकम दाखिला भएको यकिन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **नगदी रसिद पेस नभएको -** लेखापरीक्षणको क्रममा वडा नं. २ का सचिव ले २०८०।३।५ मा वुझेको ९४५१ देखि ९५५० नम्वरसम्मका २ ठेली रसिद र वडा नं. ५ मा सचिव काशीराज खड्का जिम्मा रहेको रसिद नम्वर ४१५१ देखि ४२०० सम्मको १ ठेली रसिद पेश हुन सकेन ।उक्त पेश नभएको रसिद सम्वन्धमा लेखा तथा कार्यालय प्रमुखसमेतलाई जिम्मेवार बनाई छानविन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **वडाबाट प्राप्त आम्दानी -** पालिकाले वडाबाट प्राप्त हुनु पर्ने तथा भएको आम्दानीको अभिलेख व्यवस्थित गरी राखेको छैन। वडाहरुबाट संकलन गरेको राजस्व नियमित रुपमा बैक दाखिला गरी नगदी रसिद सहित फिर्ता लिने गरेको छैन। वडाहरुलाई दिएको नगदी रसिद वर्षान्तमा फिर्ता गरी आय यकिन गरी दाखिला गरे नगरेको भिडान गरेको समेत देखिएन । पालिकाले वडाबाट प्राप्त राजस्व र पालिकामा सँकलन भएको राजस्वको व्यवस्थित हिसाव तयार गरी नियमानुसार कर प्राप्त भएको र प्राप्त भएको कर समयमै पालिकामा दाखिला भएको सुनिश्चित गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **वडा तथा पालिकाको आम्दानी -** पालिकाले वडा तथा पालिकामा भएको आम्दानी शीर्षकगत रुपमा वर्गीकरण गरी शीर्षक अनुसार आम्दानी गरी अभिलेख राखेको तथा लेखामा आम्दानी बाँधेको छैन। यो वर्ष पालिकाको लेखापरीक्षणको क्रममा वडा नं. १ बाट असुली भन्दा घटी दाखिला गरेको रू.३८,०००।- र वडा नं. २ बाट दाखिला हुन बाँकी रहेको रू.५१,२३०।- लेखापरीक्षणको क्रममा जरिवानासमेत दाखिला भएको छ । बडा नम्वर ५ मा देहायअनुसार घटी दाखिला भएकोले रू.३५,३०१।- असुल गर्नु पर्ने देखिएको छ । पालिका तथा वडाले गरेको आम्दानीको निर्दिष्ट फारामहरुमा रसिद नम्वर सहित आम्दानी बाँध्ने, तोकिए बमोजिमका शुल्क तथा कर असुली गरी दाखिला गरेको सुनिश्चित गर्न अनुगमन गर्ने र समयमै दाखिला गराई लेखाको हिसावमा समावेश गर्ने व्यवस्था मिलाई आम्दानीको यथार्थ आवस्था देखिने गरी अभिलेख राख्नु पर्दछ । साथै घटी दाखिला भएको रकम यकिन गरी असुल गर्नु पर्दछ रू.

| ठेली नं. | रसिद नं. | रसिद अनुसारको रकम | दाखिला | घटी दाखिला |
|---|---|---|---|---|
| १ | ९०१ देखि ९५० | ८८९७ | | ० |
| २ | ९५१ देखि १००० | १३३२५ | | |
| ३ | ११०१ देखि ११५० | १९८०० | | |
| ४ | १२०१ देखि १२५० | ४३११४ | | |
| ५ | १२५१ देखि १३०० | ३१८०० | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | १३०१ देखि १३५० | ५२९७७ | | |
| ७ | १३५१ देखि १४०० | २४९८८ | | |
| ८ | १८०१ देखि १८५० | १०२०० | | |
| ९ | १८५१ देखि १९०० | २३४९५ | | |
| १० | ४१०१ देखि ४१५० | १६३५० | | |
| ११ | ४२०१ देखि ४२५० | २०७३३ | | |
| १२ | ५००१ देखि ५०५० | १८९८६ | | |
| १३ | ५०५१ देखि ५१०० | २१२०३ | | |
| १४ | ९३०१ देखि ९३५० | ७८२५ | | |
| | मालपोत | ७३५८१ | | |
| | **जम्मा** | **३८७२७४** | **३५१९७३** | **३५३०१** |
| | ९३५१ देखि ९४०० | प्रयोग नभएको | | |
| | ४१५१ देखि ४२०० | रसिद ठेली प्राप्त नभएको | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,३०१ |

५३ **राजस्व दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ को दफा २७(१) मा कार्यालयले प्राप्त गरेको राजस्व सोही दिनमा भोलिपल्ट दाखिला गर्नु पर्ने उल्लेख छ। वडाबाट लामो समय पछी एकमुष्ठ रुपमा राजस्व दाखिला गर्ने गरेको देखियो। ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **व्यवसाय कर -** पालिकाको आर्थिक ऐन २०७८ मा गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसुची ४ बमोजिम व्यवसाय कर लगाईने र असुल गरिने उल्लेख छ । यो वर्ष पालिकाले व्यवसाय कर असुल गरेको देखिएन । पालिका क्षेत्र भित्र साना होटल, रेष्टुरेण्ट, कपडा पसल, जुत्ता चप्पल पसल, मासु पसल जस्ता व्यवसाय सञ्चालनमा रहे तापनि तिनीहरूबाट व्यवसाय कर प्राप्त नगरेकोले पारित आर्थिक ऐनको पालना भएको दखिएन । ऐन बमोजिम व्यवसाय कर उठाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **सामुदायिक वनबाट आय -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख

छ ।पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

सैद्धान्तिक बेरुजु

५६ **स्थानीय सामग्री उत्खनन् र विक्री** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ ।

पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट सँकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षण गराएको देखिएन।

सैद्धान्तिक बेरुजु

५७ **ट्र्याक्टर भाडा**

***.................... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.११,०००।- सम्परीक्षण मनासिब देखि फर्स्योट गरिएको ।)***

५८ **सम्पत्ति कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५** मा पालिकाले अफ्नो अधिकार क्षेत्रभित्र सम्पत्तिकर लगाउन सक्ने व्यवस्था छ । यो वर्ष पालिकाले आर्थिक ऐनमा एकीकृत सम्पत्ति कर व्यवस्थापन निर्देशिका २०६१ बमोजिमको न्यूनतम दरमा सम्पत्तिकर असुल गर्ने उल्लेख गरे तापनि सम्पत्तिकर असुल गरेको देखिएन। निर्देशिका बमोजिम कर असुल गरी आय बृद्धि गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. १२ करोड ११ लाख पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६० **खरिदको आवश्यकता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्टयाई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । पालिकाले स्वास्थ्य तर्फको तलब भत्ता शीर्षकबाट आर्थिक वर्षको अन्त्यमा विभिन्न सिलाई मेसिन सम्बन्धी सामग्रीहरु जस्तै ३० थान हेभी सिलाई मेसिन, १५ थान हेभी इन्टरलक मेसिन, १५ थान इलेक्ट्रीक आईरन, १५ थान फलामे कैंची चामुण्डा देवी सप्लायर्सबाट खरिद गरी रू.७,९६,६५०।- सम्बन्धित आपूर्तकलाई भुक्तानी नदिई स्टोर किपर लोक बहादुर थापालाई सो बापतको रकम भुक्तानी दिएको छ । आर्थिक वर्षको अन्त्यमा शीर्षक फरक पारी सम्बन्धित

आपूर्तिकर्ताको खातामा रकम जम्मा गरेको प्रमाण समेत संलग्न नगरी भुक्तानी दिएकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ। अतः पालिकाले उक्त रकम सम्बन्धित आपूर्तकलाई भुक्तानी गरेको प्रमाण तथा खरिद सामग्रीको समुचित उपयोगको प्रमाण पेश गरी शीर्षक फरक पारेको खर्च नियमित गर्नुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | ७,९६,६५० |

६१ **मूल्य अभिवृद्धि कर कट्टी -** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । गाउँपालिका भवन जाने बाटो ग्रावेल कार्य गराई गोश्वारा भौचर नं. २८-२०७९।१२।२१ बाट रौताहा कन्स्ट्रक्सन प्रा. लि. (प्यान नं. ३०२६०६७८६) लाई रू.५,७५,३३०।४६ भुक्तानी दिँदा मुअकर कर रू.६६,१८८।४६ भुक्तानी दिएकोमा ३० प्रतिशतले हुने रू.१९,८५६।५४ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएकोले उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्दछ रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६,१८८ |

६२ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रू.१० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रू.१० लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने, सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्ता/निर्माण व्यवसायीसँग एक पटक वा पटक पटक गरी रू.१० लाख भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई नियमावलीमा तोकिएको सीमाभन्दा बढी हुने गरी एउटै आपूर्तीकर्ता/निर्माण व्यवसायी मार्फत सोझै खरिद गरेको अनियमित देखिएको रू.

| गो. भौ.नं र मिति | बजेट उपशीर्षक | भुक्तानी पाउनेको नाम | प्रयोजन | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३७-२०७९।०६।०६ | गा. पा.चालु | लक्ष्मी छापाखाना | छपाई खर्च | ४७९६८५ | |
| १८०-२०७९।०८।१८ | गा. पा.चालु | लक्ष्मी छापाखाना | डायरी छपाई | ३७२९०० | |
| ५४१-२०८०।०३।२१ | गा. पा . चालु | लक्ष्मी छापाखाना | मसलन्द खरिद | १९३७९५ | |
| जम्मा | | | | १०४६३८० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११०-२०७९।१२।१९ | सङ्घीय पुँजीगत | युमन सोलार एण्ड ईलेक्ट्रोनिक्स सेन्टर प्रा. लि . | सोलार खरिद | ७९०५०० | |
| ४५-२०८०।०२।१७ | गा. पा . कृषि चालु | युमन सोलार एण्ड ईलेक्ट्रोनिक्स सेन्टर प्रा. लि . | सोलार खरिद | १९७७३७ | |
| ४७-२०८०।०२।२४ | गा. पा . कृषि चालु | युमन सोलार एण्ड ईलेक्ट्रोनिक्स सेन्टर प्रा. लि . | सोलार खरिद | ९८४८० | |
| **जम्मा** | | | | **१०८६७१७** | |
| २-२०७९।०६।०८ | गा. पा . पशु चालु | गिता भेट कन्सर्न | पशु औषधी खरिद | ४९६६१२ | |
| ५१-२०८०।०३।१५ | गा. पा . पशु चालु | गिता भेट कन्सर्न | पशु औषधी खरिद | ३५५२३७ | |
| १५३-२०८०।०३।०५ | सङ्घीय चालु | गिता भेट कन्सर्न | पशु औषधी खरिद | ३५०००० | |
| जम्मा | | | | १२०१८४९ | |
| १७-२०७९।१२।०३ | गा. पा. पुँजीगत | सोहन कन्स्ट्रक्सन | विद्युत विस्तार (HT Line Extension Work Part 1) | ८४९६५९ | नेपाल विद्युत प्राधिकरणसँग सिधै खरिद गर्न सकिने कार्य निर्माण व्यवसायी मार्फत गराएको |
| १८-२०७९।१२।०३ | गा. पा. पुँजीगत | सोहन कन्स्ट्रक्सन | विद्युत विस्तार (HT Line Extension Work Part 2) | ४७७७०२ | नेपाल विद्युत प्राधिकरणसँग सिधै खरिद गर्न सकिने कार्य निर्माण व्यवसायी मार्फत गराएको |
| **जम्मा** | | | | **१३२७३६१** | |
| **कुल जम्मा** | | | | **४६६२३०७** | |

| | |
|---|---|
| अनियमित भएको | ४६,६२,३०७ |

६४ **खर्च वर्गीकरण तथा कर्मचारीलाई सोधभर्ना -** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई रू.पच्चिस हजार रुपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालयमा कार्यालय सञ्चालन, मर्मत संभार,

विविध, मसलन्द, इन्धन लगायतका खर्चको एउटै शीर्षकमा रू.१३,००,०००।- बजेट विनियोजन गरेकोमा एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार भए गरेको पाइएन । साथै नमुना छनौट गरी उक्त खर्चहरुको श्रेस्ता परीक्षण गर्दा सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा एकाउण्टपेयी चेक मार्फत भुक्तानी दिनुपर्नेमा वडाका सचिव लगायतका कर्मचारीहरुले सामान खरिदबापतको रकम स्वयंले नै भुक्तानी लिने गरेको पाइयो । साथै भुक्तानी लिने पदाधिकारी तथा कर्मचारीहरुले आपूर्तकलाई रकम बुझाएको भरपाईहरु समेत संलग्न राखेको पाइएन। अनुगमन तथा नियन्त्रण गर्नुपर्ने व्यक्तिले स्वयं भुक्तानी लिनाले एकतर्फ खरिद कार्यमा प्रतिस्पर्धा सिमित हुन पुगेको छ भने अर्को तर्फ ति व्यक्तिहरुले नै भुक्तानी लिनुपर्ने स्पष्ट कारण देखिदैन । साथै यसरी खरिद गरेका सामानहरु पालिकाको मूल जिन्सीमा समेत दाखिला नभई सम्बन्धित वडामा मात्र दाखिला हुने गरेको देखियो । तसर्थ पालिकाले ऐन तथा नियमावलीको व्यवस्था बमोजिम एकाउण्टपेयी चेक मार्फत सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा भुक्तानी गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६५ **सवारी साधन खरिद -** उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि,२०७४ को बुँदा नं १८ मा मूल्य अभिवृद्धि कर सहित बढीमा रू.६० लाखसम्म यस विधिको प्रयोग गरी सवारी साधन खरिद गर्न सकिने र १८ (२) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी तोकिएको सीमाभन्दा बढी रकमको खरिद यस विधिबाट गर्न नसकिने उल्लेख छ । पालिकाले यस आर्थिक वर्षमा पटक पटक गरी एक थान २ पाङ्ग्रे सवारी रू.५,६९,९००।-, २ थान कृषि एम्बुलेन्स रू.५१,२०,०००।- र १ थान कार्यालय प्रयोजनका लागि ४ पाङ्ग्रे सवारी साधन रू.३१,४०,०००।- गरी जम्मा रू.८८,२९,९००।- मा ४ थान सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको छ । साथै भन्सार छुट प्राप्त गरी रू.२०,१०,०५०।-मा १ थान एम्बुलेन्स समेत खरिद गरेको देखिन्छ। कार्यविधिमा रू.६०,००,०००।-सम्म खरिद गर्न सकिने सीमा तोकिएकोमा तोकिएको सीमा भन्दा बढी रकम क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको नियमसम्मत नदेखिएको रू.२८,२९,९००।-

**वित्तीय समानीकरण अनुदानबाट सवारी साधन खरिद -** अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७९/८० को लागि प्रदेश तथा स्थानीय तहलाई अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनमा समानीकरण अनुदानको रकम स्थानीयको वित्तीय अन्तर परिपूर्ति गर्न तथा संविधानले स्थानीय तहलाई दिएको संवैधानिक अधिकारको जिम्मेवारी अनुरुप सेवा प्रवाह र विकास निर्माण गर्नको लागि प्रयोग गर्नुपर्ने र तत्कालका लागि स्वास्थ्य सुरक्षा, कृषि आर्थिक पुनरुत्थान, जोखिममा रहेको वर्ग तथा समुदायको हित र त्यसपछि क्रमशः नागरिकका अन्य मौलिक हक कार्यान्वयनलाई प्राथमिकतामा राखी विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा श्रेस्ता परीक्षण गर्दा पालिकाले वित्तीय समानीकरण अनुदानबाट कार्यालयको नियमित प्रयोजनको लागि १ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रू.५,६९,९००।- तथा १ थान चार पांग्रे सवारी साधन खरिदमा रू.२९,४०,०००।- गरी जम्मा रू.३५,०९,९००।-खर्च गरेको देखिन्छ । मार्गदर्शन अनुरुप वित्तीय समानीकरण अनुदानको रकम प्रयोग गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| अनियमित भएको | २८,२९,९०० |
|---|---|

६६ **गैर सरकारी संस्था मार्फत कार्यक्रम सञ्चालन (५८०-२०८०-३-२३)** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउनका लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत सर्त र लाग्ने रकमको अनुमान तयार गर्नुपर्ने, सार्वजनिक निकायले दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएको, मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा

स्थानीयस्तरको दैनिक समाचारपत्रमा प्रस्ताव माग गरी पारदर्शी रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले महिला लक्षित कार्यक्रम सञ्चालन गरेको भनी गैर सरकारी संस्था सुर्योदय पालिका स्तरिय महिला संस्थालाई विभिन्न टुक्रे बिल पेश गरी रू.७,१०,०००।- भुक्तानी दिएको छ । पालिकाले उक्त संस्था नियमावली बमोजिम छनौट नगरी सोझै छनौट गरेको पाइयो । कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, कार्य क्षेत्रगत शर्त, लागत अनुमान तयार नगरी सहभागीहरुको छनौटको मापदण्ड समेत स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । पालिकाले भुक्तानी गरेको रकमबाट के-कस्तो कार्यक्रम सञ्चालन भएको हो सोको प्रतिवेदन पेश नभएकोले अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ७,१०,००० |

६७ **सडक नाली तथा बायोइञ्जिनियरिङ्ग -** सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत÷सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू-क्षय रोक्नका लागि बायो'इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो-इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू-क्षय तथा भू-स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ। अतः उल्लिखत पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । कतिपय कार्यमा लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक रुपमा सम्पादित काम सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति लगायतका तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा तोकिएको अवधिमा कार्य सम्पन्न भए/नभएको विषयमा यकिन गर्न नसकिएको हुँदा ठेक्का सम्बन्धी वील वास्तविक रुपमा सम्पादित काममा आधारित बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६९ **नापीमा त्रुटी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले बिल बीजकको भुक्तानी दिँदा सम्झौता बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । नापी किताव भुक्तानीको महत्वपूर्ण आधार भएकोले नापी कितावमा परिमाण चढाउँदा सावधानीपूर्वक सही अंक उल्लेख गर्नु पर्दछ । कटहरे ईनामे यारीखोला सडक निर्माण कार्यको गोश्वारा भौचर नं. ४४।२०८०।२।१७ बाट निर्माण व्यवसायी महाभारत ताप्ली कन्सट्रक्सन प्रा. लि. लाई रू.६,७०,५४४।३७ भुक्तानी दिएको बिलसाथ सम्लग्न नापी कितावमामा माटो काट्ने कार्यको गणना गर्दा १५ मिटर लम्बाई १.६५ मीटर चौडाईको हिसावले औषत क्षेत्रफल (२.५८*१५ + २.८१*१२)=२७.७२ घ.मी. उल्लेख गर्नु पर्नेमा १६५ मीटर चौडाई उल्लेख भएको कारण औषत क्षेत्रफल वढी भई २६४८.३७ घ.मी. उल्लेख भएकोले २५७५.९५ घ.मी. परिमाण नापी कितावमा वढी गणना गरेको देखियो । कार्यालयले गरेको माटोको वर्गिकरण अनुसार

१५ प्रतिशत चट्टानको अश रहेकोले ३८६.३९ घ.मी. को भुक्तानी दर प्रति घनमीटर रू.२३७।- ले हुने रू.९१५७४।४३ र २१८९.५५ घनमीटर माटोको काट्ने दर रू.८१।- प्रति घनमीटरले हुने रू.१,७७,३५४।१५ समेत जम्मा रू.२,६८,९२८।५८ र सो रकममा भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रू.३४,९६०।७१ समेत रू.३,०३,८८९।२४ वढी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नु पर्दछ रू.

| असुल गर्नुपर्ने | ३,०३,८८९ |
|---|---|

७० **भेरिएशन वेगर बढी परिमाण भुक्तानी -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग भएको सम्झौतामासमेत भेरिएशनको व्यवस्था रहेको छ । पालिकाले देहायका खरिद सम्झौताको बिल भुक्तानी दिदा देहायका आईटममा भेरिएशन स्वीकृत नगरी देहाय अनुसार स्वीकृत परिमाण भन्दा वढी भुक्तानी दिएको रकम नियमित देखिएन रू.

| आईटम नम्बर र कामको विवरण | स्वीकृत परिमाण | भुक्तानी परिमाण | फरक परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| **ठेक्का नं. २।२०७७।७८ पालिका भवन निर्माण** | | | | | |
| Earthwork in excavation in foundation | ६७०.४३ | ६७५.९ | ५.४७ | ८० | ४३७ |
| Earthwork in excavation in backfiling | २९३.४३ | २९८.०३ | ४.६ | ९० | ४१४ |
| Brick soling | १५४७.९ | १५४९.५७ | १.६७ | ४०० | ६६८ |
| PCC for RCC Footing | २९.४३ | ४४.७५ | १५.३२ | १२५०० | ३०८५०० |
| Brick work | ९८.३१ | ९९.९४ | १.६३ | १३००० | २११९० |
| **ठेक्का नं. ६।२०७९।८० काफल भञ्याङ बाच्छाङ सडक** | | | | | |
| Roadway excavation | ४१२१ | ६४२० | २२९९ | ४० | ९१९६० |
| Stone Masonary | ५५.०८ | ५७.११ | २.०३ | ५३०० | १०७५९ |
| **ठेक्का नं. १।२०७९।८० पिपलभञ्याङ लिम्पाटार** | | | | | |
| Earthwork in excavation | १९८४०.२ | २०५०३.५ | ६६३.३ | ४५ | २९८४८ |
| Random Rubble Masonary | १०८ | १८९ | ८१ | ६००० | ४८६००० |
| **जम्मा** | | | | | **९४९७७६** |

| अनियमित भएको | ९,४९,७७६ |
|---|---|

७१ **एकीकृत पूर्वाधार विकास कार्यक्रम (ठेक्का नं 2/TRM/UDA/NCB/2077-78) -** गाउँपालिकाले पाँच शैयाको अस्पताल निर्माणको लागि २०७८।०१।३९ (१३ मे २०२१) मा रौताहा कन्स्ट्रक्सन प्रा.लिसँग रू.५,३४,९८,६००।२८को सम्झौता भएको थियो । यो वर्ष गोश्वारा भौचर नम्वर ११।२०८०।०३।२२ बाट तेस्रो रनिङ बिलसम्म मूल्य

समायोजन रू.३२,३४,१००।७७ समेत जम्मा रू.२,१४,२९,३२०।२७ को भुक्तानी भएको छ । उक्त निर्माण सम्वन्धमा निम्न व्यहोरा देखियोः

७१.१ **सम्पन्न नभएको कार्यको भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले बिल बीजकको भुक्तानी दिँदा सम्झौता बमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । नापी किताव भुक्तानीको महत्वपूर्ण आधार भएकोले नापी कितावमा परिमाण चढाउँदा सावधानिपूर्वक सही अंक उल्लेख गर्नु पर्दछ । भवनको स्थलगत निरीक्षण गर्दा देहाय अनुसारका निर्माण कार्य सम्पन्न नभएकोमा पनि नापी कितावमा समावेश गरी भुक्तानी दिएको देखियो। ठेक्का सम्झौता अनुसारका कार्य सम्पन्न नहुदै सम्पन्न नभएको कार्यको समेत नापी किताव तयार गरी भुक्तानी दिएकोले नापी किताव तथा पदाधिकारीको अनुगमनसमेत विस्वसनीय देखिएन । ठेक्का सम्झौता अनुसारको सम्पूर्ण परिमाणको कार्य तोकिएको गुणस्तरमा भएको सुनिश्चित गरी सम्पन्न नभएको देखिएको देहायका कार्यको देहायअनुसार हुने रू.१४,२१,४९२।७७ को कार्य सम्पन्न गराई सो को प्रमाण पेश हुनु पर्ने रू.

| आइटम नं. | कामको विवरण | परिमाण | सम्झौता दर | रकम |
|---|---|---|---|---|
| ५ | Sand filling water spraying and compactation | २१२.९६ घ.मि. | ३०० | ६३८८८.५३ |
| ६ | ५०० गेज पोलिथिन सिट | ११५३.६० व.मि. | ३०० | ३४६०८०.०० |
| ७ | Flat Brick Soling | १५४९.५७ घ.मि. | ४०० | ६१९८२७.६७ |
| ८ | PCC | २८.८२ घ.मि. | ८००० | २२८१६२.०० |
| | जम्मा रू. | | | १२५७९५८.२० |
| | मू. अ. कर | | | १६३५३४.५६ |
| | **जम्मा** | | | **१४२१४९२.७७** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,२१,४९३ |

७१.२ **प्रोग्राम अपडेट -** कार्यालय र निर्माण व्यवसायी बीच भएको खरिद सम्झौताको वोलपत्र सम्वन्धी कागजातको एस.सी.सी. अन्तरगत जी.सी.सी. २६.१ मा स्वीकृत बोलपत्र दाताले स्वीकृतिको पत्र पाएको १५ दिन भित्र निर्माण कार्यको कार्यतालिका स्वीकृतिकोलागि पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै २६.३ मा प्रत्येक ३० दिनभित्र कार्यक्रम कार्यान्वयन तालिका अद्यावधिक (प्रोग्राम अपडेट) गर्नु पर्ने र ढिलो गरी पेश गरेमा सो वापत सम्झौतामा उल्लेख भए अनुसार रू.५०,०००।- रोक्का राखिने उल्लेख छ । लेखापरीक्षणको क्रममा निर्माण व्यवसायीले अद्यावधिक आयोजना कार्यान्वयन तालिका पेश गरेको देखिएन । २५ चैत्र २०८० सम्म निर्माण सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग ३० बैशाख २०७८ मा सम्झौता भएकोमा निर्माण अवधीको ८० प्रतिशत समय व्यतित भैसक्दा निर्माण कार्यको वित्तीय प्रगति ३२.८४ प्रतिशतमात्र रहेको छ । निर्माण व्यवसायीले सम्झौता अनुसार कार्य गरेको सुनिश्चित गर्न प्रोग्राम अपडेट पेस गराई अनुगमन गर्ने र म्याद भित्र कार्य सम्पन्न गर्न निर्माण व्यवसायीले जनशक्ति, सामग्री र उपकरण परिचालन रणनीति सम्वन्धी जानकारी लिनु पर्दछ । सम्झौतामा प्रत्येक ६० दिनको अन्तरालमा कार्यक्रम कार्यान्वयन तालिका अद्यावधिक

(प्रोग्राम अपडेट) गर्ने सर्त अनुसार २८ महिनाको आवधिमा १४ वटा प्रोग्राम अपडेट पेस गर्नु पर्नेमा गरेको देखिएन । निर्माण व्यवसायीलाई सम्झौता बमोजिम प्रोग्राम अपडेट पेस नगरेको रकम रोक्का गर्नु पर्दछ रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००० |

७१.३ **गुणस्तर परीक्षण -** भवन निर्माण कार्यको खरिद सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्वन्धी व्यवस्था छ। गुणस्तर मापनको लागि निर्माण सामग्री, क्युव तथा फलामे छडको परीक्षण गर्नु पर्नमा गुणस्तर परीक्षण गरेको प्रमाण पेश हुन आएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७२ **टुक्रा टुक्रा पारी खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ मा खरिद ऐन र खरिद ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय समपुरक अनुदान तर्फको फुस्रे पिपलभञ्ज्याङ्ग लिम्पाटार सडक स्तरोन्नती कार्य ठेक्का प्रक्रिया मार्फत त्रिवेणी ईन्जिनियरिङबाट गराई रू.६८,७९,२३६।- खर्च लेखेको छ । पालिकाले ठेक्का प्रक्रियाबाट बचत रकम र गाउँपालिकाको सहभागिताबापतको अंशको रकमबाट सोही योजनामा ४ फरक फरक निर्माण व्यवसायी मार्फत सोझै खरिद गरी रू.३८,३२,६९७।- खर्च गरेको छ । एउटै सडक खण्डमा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गरेको नियमसम्मत नदेखिएको रू.

| खरिद विवरण | भुक्तानी रकम | निर्माण व्यवसाय |
|---|---|---|
| सोझै कोटेशन | ९५७०२२.७१ | वाम्बुले कन्स्ट्रक्शन प्रा. लि. |
| सोझै कोटेशन | ९६००७७.१६ | ताप्लीमाई कन्स्ट्रक्शन |
| सोझै कोटेशन | ९५७६५३.५३ | एस. मैनि मल्टिप्रपोज प्रा. लि. |
| सोझै कोटेशन | ९५७९४३.९१ | विल्डबिस्ट कन्स्ट्रक्शन |
| **जम्मा** | **३८३२६९७** | |

| | |
|---|---|
| अनियमित भएको | ३८,३२,६९७ |

७३ **मूल्य समायोजन -** प्रशासकिय भवन निर्माण कार्यको लागत अनुमान रू.६,८३,३८,७७१।२१ भएकोमा बोलपत्रको माध्यम द्वारा आशिर्वाद सगरमाथा जेभिसंग रू.६,५०,९०,६६०।५५ मा मिति २०७९।३।१० मा कार्य सम्पन्न गर्नेगरी संझौता गरेकोमा मिति २०७९।१२।९ सम्म म्याद थप गरेको देखियो । भवन निर्माण कार्यमा हालसम्म रू. भुक्तानी भएको छ ।भवन निर्माणकार्यको ठेक्काको रकम भुक्तानी सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छः

१. पालिकाले निर्माण व्यवसायीसंगको संझौताको SCC को ४५.१ मा मूल्य समायोजन नदिने उल्लेख गरी सम्झौता गरेकोले गत वर्षको लेखापरीक्षणबाट मूल्य भुक्तानी दिन नमिल्ने व्यहोरा औंल्याईएकोमा यो वर्ष छैटौं रनिङ बिलबाट रू.११,८९,३७६।९७ समेत गरी हालसम्म जम्मा रू.३५,०८,०३३।७४७ मूल्य समायोजन रकम भुक्तानी दिएको देखियो । संझौतामा उल्लेख नभएको मूल्य समायोजन वापतको भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रू.११,८९,३७७।-

२. पालिकाले भवन निर्माण कार्यको विविध आइटममा (item no 28) कार्यालयको लागि फर्निचरहरु उपलब्ध गराउने परिमाण राखि देहायका फर्निचरका सामानहरुको लागि रकम भुक्तानी गरेकोमा कार्यालयको जिन्सी खातामा चढाएको देखिएन । उक्त सामानहरु जिन्सी खातामा आम्दानी बाँधनुपर्ने देखिन्छ ।

| क्र. सं. | सामानको विवरण | परिमाण (सेट/थान) | दर | रकम |
|---|---|---|---|---|
| १ | Office Table Steel | १० थान | ५००० | ५०००० |
| २ | Office Table Steel | १० थान | १२००० | १२०००० |
| ३ | Revolving Chair | ५ थान | ८००० | ४०००० |
| ४ | Revolving Chair Ordinary | १० थान | ९००० | ९०००० |
| ५ | Meeting Table | २ थान | २०००० | ४०००० |
| ६ | Meeting Chair wooden Gaddawala | १६ थान | ५००० | ८०००० |
| ७ | 3 Seater Steel Chair | ५ सेट | १०००० | ५०००० |
| ८ | Steel Chair with Frame | २५ सेट | ६००० | १५०००० |
| ९ | Plastic Chair | २० सेट | ७०० | १४००० |
| १० | Steel Almira with Locking System | १० सेट | ७५०० | ७५००० |
| ११ | Tea Table Wooden 3*2 | ५ सेट | ५००० | २५००० |
| १२ | Jute Carpet | ४०० मि. | ७५० | ३००००० |
| १३ | PVC Carpet | ६०० मि. | ५५० | ३३०००० |
| **जम्मा** | | | | **१३६४०००** |

३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गाराई कार्य स्वीकार/कार्यसम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने उल्लेख छ। यो वर्ष अन्तिम रिनङ बीलको रकम भुक्तानी भएकोमा कार्यस्वीकार/कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छैन। कार्यसम्पन्न/कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,८९,३७७ |

७४ **कर बिजक**

...................... ***(प्रारम्भिक प्रतिवेदन उपर मूल्य अभिवद्धि कर समायोजन प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-७ मा रू.१,१०,५६२।- सम्परीक्षण मनासिब देखि फस्र्याैट गरिएको ।)***

७५ **माटोको कार्य -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले बिल बिजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले देहायबमोजिमको चेनेजमा कार्य गर्न कायदिश दिएकोमा निर्माण व्यवसायीले घटी लम्बाई कार्य गरेको र माटो खनेको कार्यमा स्वीकृत स्टिमेटभन्दा वढी परिमाणको

लागि रकम भुक्तानी दिएको देखियो। पालिकाले सम्बन्धित कामको क्रस सेक्सन ड्रईङ नराखेको कारण माटोको परिमाण यकिन गर्न सकिने अवस्था रहेन । यसरी घटी लम्बाईमा कार्य गरी स्वीकृत लागत अनुसारको रकम भुक्तानी भएको सम्वन्धमा प्राविधिक पुष्टयाई पेश हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ७५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७६ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतया डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेसिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित सडक मर्मतसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेसिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्:

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| १२-२०७९।०८।०९ | गिदेरी सडक निर्माण | सडक मर्मत | १४४००० | १४९९९९.८७ |
| १५-२०७९।११।१६ | वडा स्तरीय सडक मर्मत | सडक मर्मत | ३८४००० | ३८१०१५.०४ |
| १८-२०७९।११।२९ | वडा स्तरीय मोटरबाटो मर्मत ताप्ली-३, ईनामे उदयपुर | सडक मर्मत | ४८०००० | ४८०१९८.८१ |
| १९-२०७९।११।३० | वडा स्तरीय बाटो मर्मत ताप्ली-४ ठानागाउँ उदयपुर | सडक मर्मत | ४८०००० | ४७७३९८.८२ |
| ७१-२०८०।०३।२२ | खड्का टोल खेल मैदान | खेल मैदान निर्माण | ९६००० | ९५९९९.९१ |

| सैद्धान्तिक बेरुजु |
|---|

७७ **नन् फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाबाट देहायको फर्मलाई मूल्य अभिवृद्धि कर रू.७०,३८७।११ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्म नन् फाईलर रहेकोले मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्नेरू.

| गो भौ नं | फर्मको नाम | बीजक रकम | बिल नं | प्यान नं | मू. अ. कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ९-२०७९।०७।०४ | माङ्गनोर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | ६११८१० | १ | ६०९७८५९४४ | ७०३८७.११ | Non-filer since 2079/M/6 |
| | | | | | प्रमाण पेश नगरेको | ७०,३८७ |

७८ **चेनेज नखुलेको -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ अनुसार अन्तिम बिल भुक्तानी गर्दा कहाँबाट कहाँसम्म कार्य भएको हो सो नापी किताब तयार गर्नुपर्ने र सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संचालन गरेका सडकहरुको लागत अनुमान तयार गर्दा र नापी गर्दा चेनेज उल्लेख नगरेकोले कार्यसम्पादन गरेको स्थान खुल्न सकेको छैन । जसले गर्दा काममा दोहोरोपना हुन सक्ने जोखिम रहन्छ ।काममा आउने दोहोपन नियन्त्रण र कार्य स्थलको स्पष्टताको लागि निर्माणस्थलको चेनेज कायम गरी नापी कितावमा चढाउनु पर्दछ। चेनेज उल्लेख नगरी भुक्तानी दिएका कार्यको केही उदाहरण निम्न अनुसार छः

| भौचर नं र मिति | कामको विवरण | उ. स. को नाम | परिमाण घ.मि. | रकम |
|---|---|---|---|---|
| १८-२०७९।११।२९ | वडा स्तरीय मोटरबाटो मर्मत | वडा स्तरीय मोटरबाटो मर्मत, ताप्ली ३ ईनामे उदयपुर | ७११९ | ४८०००० |
| १९-२०७९।११।३० | वडा स्तरीय मोटरबाटो मर्मत | वडा स्तरीय मोटरबाटो मर्मत ताप्ली ४ ठानागाउँ उदयपुर | ७२९२ | ४८०००० |

सैद्धान्तिक बेरुजु

७९ **पाइप खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने उल्लेख छ। कार्यालयले देहाय अनुसार पाइप खरिदगरी भुक्तानी खर्च लेखेकोमा उक्त सामानको जिन्सी दाखिला, गुणस्तर प्रमाणित कागजात तथा प्रयोग भएको देखिने प्राविधक नापजाँच सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन । पालिकाले रू.१२,२८,५५७।- को एचडीपीइ पाईप पटक पटक गरी एउटै आपूर्तीकर्ता पञ्चावती सप्लायर्स एण्ड ट्रेडर्सबाट खरिद गरेकोले नियमको पालना गरेको समेत देखिएन । खरिद गरेका पाइपको गुणस्तर प्रमाणित कागजात र पाइपको जडान गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

| भौचर नं र मिति | विवरण | परिमाण | रकम |
|---|---|---|---|
| ३५-२०८०।०१।१५ (गा.पा. पुँजीगत) | 20 mm HDP Pipe PN 16 | ३६०० मि. | १७२८०८.६४ |
| | 25 mm HDP Pipe PN 12.5 | ३००० मि. | २२२०११.१० |
| | 32 mm HDP Pipe PN 12.5 | २००० मि. | २४०५९९.६० |
| | 40mm HDP Pipe PN 12.5 | १००० मि. | १८६१९८.०१ |
| | 125mm HDP Pipe PN 12.5 | ६५ मि. | ११४८०२.३५ |
| ४१८-२०८०।०१।१५ (गा.पा. चालु) | पाइप खरिद | | ९९२४७ |
| ११२-२०८०।०३।२१ (गा.पा. पुँजीगत) | पाइप खरिद | | १९२८९१ |
| **जम्मा** | | | **१२२८५५७.७०** |

| प्रमाण पेश नगरेको | १२,२८,५५८ |
|---|---|

८० **फरक चेनेजमा कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले सम्झौता बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायका सडक निर्माण कार्यको भुक्तानी दिँदा लागत अनुमान तथा कार्यदिशमा उल्लेखित चेनेज भन्दा फरक चेनेजमा भएको कार्यको नापी गरी भुक्तानी दिएको देखियो । भेरिएसन वेगर लागत अनुमान तथा कार्यदिशमा उल्लेखित क्षेत्र परिवर्तन गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रू.

| भौचर नं र मिति | निर्माण व्यवसायीको नाम | कामको विवरण | लागत अनुमान तथा कार्यदिशमा उल्लेखित चेनेज | नापी तथा भुक्तानी चेनेज | रकम |
|---|---|---|---|---|---|
| ७६-२०८०।०३।२२ | विल्डविस्ट कन्स्ट्रक्सन एण्ड सप्लायर्स | फुर्से पिपल भञ्ज्याङ्ग सडक | २+७००-३+००० | २+१८० - २+२६० | ९५७९४३.९१ |
| ८७-२०८०।०३।२४ | चिमाला निर्माण सेवा | काफल भञ्ज्याङ्ग-छराङ्ग-वेतिनि बछाङ्ग रोड | १+१४०-२+१६० | ०+९४० - १+१४० | ९१७६७१.८६ |

| | |
|---|---|
| अनियमित भएको | १८,७५,६१६ |

८१ **दोहोरो भ्रमण खर्च**

..................... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.११,६००।- सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको ।)***

८२ **इन्धन खर्चको मापदण्ड -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष कार्यालय प्रयोजनार्थ रू.२५,९९,४५०।- इन्धन खर्च गरेको छ । पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई नियन्त्रण गर्न इन्धन व्यवस्थापन सफ्टवेयर खरिद गरेकोमा आर्थिक वर्ष २०७९।८० मा सञ्चालनमा ल्याएको पाइएन । नमुना आधरमा भौचर छनौट गरी भौ नं. ५७२ मा भएको इन्धन खर्च रू.२,६१,६९०।- को खर्च परीक्षण गर्दा सो महिनामा १४७६ लिटर डिजल र ८०३ लिटर पेट्रोल खर्च भएको पाइयो । पालिकाले लग बुक अद्यावधिक नराखेकोले इन्धनमा भएको खर्चको वास्तविकता यकिन गर्न सकिएन । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कर्मचारी तथा पदाधिकारीको समेत इन्धन कोटा निर्धारण गरी, पूर्णरुपमा सफ्टवेयर मार्फत कुपन वितरण गर्नाका साथै मापदण्डको कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिएको छ।

सैद्धान्तिक बेरुजु

८३ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ ।

पालिकाले देहायअनुसारको भुक्तानी गर्दा रित विधि अनुसार भुक्तानी दिनुपर्ने रकम भन्दा बढी रकम भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

| भौ. नं. | विवरण | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|
| | **ससर्ततर्फ** | | | |
| ५८ | सुनिल न्यौपानेलाई ५ दिने कृषक अवलोकन भ्रमण खर्च भुक्तानी गर्दा सहभागी संख्या गणना गरी हुन आउने खाजा खाना र अन्य खर्चमा पाउने रकम भन्दा खानामा ३० जनाको रू. १२०००, खाजामा १२० जनाको रू.२०००० र डिजेल खर्च रू.६५५७ समेत गरी रू.३८६५७ को बढी बिल भरपाई पेश गरी भुक्तानी लिएको रकम | ४५४८२६ | ४९३४८३ | ३८६५७ |
| २३८ | पोषण विभिन्न कार्यक्रममा ठविन्द्र कुमार मगरले रू.१८४२१० को बिल भरपाई पेश गरेकोमा रू.२६३७५१ भुक्तानी | १८४२१० | २६३७५१ | ७९५४१ |
| | **जम्मा** | | | **११८१९८** |

*..................... (प्रारम्भिक प्रतिवेदन उपर ९ जनाको असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.५४,६८७।- सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको ।)*

| असुल गर्नुपर्ने | १,१८,१९८ |
|---|---|

८४ **जिन्सी अनुगमन भत्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गराई सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । जिन्सी निरीक्षण गराई प्रतिवेदन लिने कार्य कार्यालयको नियमित प्रकृतिको कार्य भएको र कार्यालय समयमै गरिने भएकोले समितिका सदस्यहरुलाई भत्ता भुक्तानी गर्ने कुनै कानुनी व्यवस्था छैन । तर पालिकाले भौचर नं २७६ बाट जिन्सी अनुगमन भत्ता वापत ७ जनालाई रू.३५,०००।- भुक्तानी दिएको देखिन्छ । अनुगमन पश्चात अनुगमन प्रतिवेदन तयार गरेको देखिँदैन । ७ जना अनुगमनकर्ताको आवश्यकता पुष्टी नभएको र जिन्सी अनुगमन भत्ता भुक्तानीको आधार नदेखिएकोले असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ३५,००० |
|---|---|

८५ **अन्य निकाय खर्च -** पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको जिल्ला प्रशासन कार्यालयलाई रू.१,४४,७६४।- को सवारी साधन मर्मत खर्च, ईनामे रमापुर चौकी मर्मत खर्च रू.१,४२,५८७।- र प्रहरी चौकी गेट निर्माणमा रू.४८,८८८।- गरी रू.३,३६,२३९।- उपलव्ध गराएको देखियो । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । बजेट व्यवस्था भई सञ्चालित कार्यालयहरुको खर्च पालिकाले समेत गर्दा खर्चमा दोहोरो पन भए नभएको यकिन गर्न सकिएन । अन्य सरकारी

कार्यालयहरुको खर्च ति तालुक निकायका मन्त्रालयको स्वीकृती बेगर बजेटमै व्यवस्था गरी भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,३६,२३९ |

८६ **मसलन्द तथा कार्यालय सामग्री खरिद -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी मार्गदर्शन, २०७७ को मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा रू.१४,५८,८९८।- खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८७ **खर्चको पुष्टयाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । गाउँपालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो। तसर्थ सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

| भौ. नं. | खर्चको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ५८९ | विविध खर्च भुक्तानी | जनचेतना सामुदायिक अध्ययन केन्द्र | १००००० | खर्चको बिल भरपाई तथा प्रमाण कागजात पेश नभएको |
| ३४६ | सवारी साधन मर्मत खर्च | वि. एण्ड सी. मोटर पार्टस | ४२६७७ | मर्मत आदेश तथा सक्कल बिल पेश नभएको |
| ६६ | बालबालिका लक्षित कार्यक्रम खर्च | विभिन्न ५ विद्यालयलाई रू. २०००० का दरले | १००००० | आवश्यक कागजात सहित रकम माग गरेको प्रमाण तथा खर्चको अनुगमन नभएको |
| ९३ | पत्रपत्रिका छपाई बापतको रुकम भुक्तानी | त्रियुगा मिडिया एजेन्सी | १६००० | श्रेस्ता पेश नभएको |
| **ससर्ततर्फ** | | | | |
| १४३ | बाँदर धपाउने मेसिन खरिद | नेपाल पावर सोलुसन प्रा. लि. | ७९९२७९ | खरिद गरेको उक्त मेसिनहरु वितरणको आधार तथा प्रमाण पेश नभएको |
| १८९ | सामग्री खरिद | मेगा इन्फोसिस र लहान अफिस अटोमेसन सेन्टर | १६४८६७ | सक्कल बिजक पेश नभएको |

| | | | | |
|---|---|---|---|---|
| २२४ र १६ प्रदेशतर्फ | विभिन्न सामग्री खरिद | कार्की छापाखाना तथा दर्शन स्टेशन | २९६०२६ | सामग्री खरिदको आवश्यक्ता निर्धारण गरी माग फारम, खरिद आदेश , दाखिला रिपोर्ट पेश नगरी खर्च लेखेको |
| २२३ | रुपाटार स्वास्थ्य चौकी विभिन्न कार्यक्रम | राम कुमार राउट | १००००० | खर्चको फाँटवारी पेश नगरी पेस्की फस्यौंट भएको |
| **विपद् व्यवस्थापनतर्फ** | | | | |
| २५ | त्रिपाल खरिद | हिमशिखर सप्लायर्स | १७०१०० | त्रिपाल खरिदको आवश्यक्ता निर्धारण गरी माग फारम, खरिद आदेश, दाखिला रिपोर्ट पेश नगरी खर्च लेखेको |
| ३६ | महेन्द्र आ. वि . को छाना मर्मत कार्य | सरस्वती आ. वि. जोर ढुंगा | ११५२०० | महेन्द्र आ. वि.सँग छाना मर्मतको सम्झौता तथा कार्य समपन्न गरी सरस्वती आ. वि.लाई भुक्तानी भएकोले सरस्वती आ. वि.बाट रकम फिर्ता गरी महेन्द्र आ. वि.लाई भुक्तानी भएको प्रमाण पेश गर्नुपर्ने |
| **जम्मा** | | | १९०४१४९ | |

.................... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा रू.८२,८००।- र मिति २०८०-१२-२७ मा रू.१०,२००।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,०४,१४९ |

८८ **पुंजीगत शीर्षकबाट चालु प्रकृतिको खर्च -** पुंजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले देहाय अनुसारका पुंजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका कार्यको लागि पुंजीगत शीर्षकबाट रू.४१६४००।- भुक्तानी दिएको पाईयो । यसमा नियन्त्रण हुनुपर्दछ ।

| क्र. सं. | भुक्तानी पाउनेको नाम | प्रयोजन | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री ठाकुर बहादुर मगर | विद्युत प्रसारण लाइनमा कार्य गरे वापत | ५९४०० | डोर हाजिर प्रमाणित नभएको |
| २ | यारीखोला लघुजलविद्युत परियोजना व्यवस्थापन | विद्युत महसुल | १३२००० | विद्युत खपतका आधारमा भुक्तानी गर्नुपर्नेमा मासिक रू.९,०००।- को दरले सम्झौता गरी भुक्तानी |
| ३ | ताप्ली युवा तथा खेलकुद विकास समिति | खुल्ला भलिबल खेल प्रतियोगिता | ५०००० | |
| ४ | प्रमानन्द राजधामी | बाल दिवस कार्यक्रम | १००००० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | नेपाल आदिवासी जनजाती महासंघ | कार्यक्रम | ७५००० | |
| **जम्मा** | | | **४१६४००** | |

सैद्धान्तिक बेरुजु

८९ **शीर्षक फरक पारी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्तव नियमावली, २०७७ को नियम ४१(क)मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले निम्नानुसार फरक खर्च शीर्षकबाट खर्च गरेको नियमसंगत नदेखिएको रू.

| भौ. नं. | विनियोजित शीर्षक | खर्च गरेको शीर्षक | खर्च रकम |
|---|---|---|---|
| **गाउँपालिका चालुतर्फ** | | | |
| ४१ | कार्यक्रम खर्च | बैठक भत्ता भुक्तानी | १०५४०० |
| २०२ | विपद् व्यवस्थापन | खेलकुद कार्यक्रम सञ्चालन | १००००० |
| २०३ | मसलन्द खरिद | गाडी भाडा भुक्तानी | ३६००० |
| २८६ | बालबालिका पोषण कार्यक्रम | खेलकुद कार्यक्रम सञ्चालन | १२५००० |
| ३७१ | अवलोकन भ्रमण | ल्यापटप, फर्निचर लगायत सामग्री खरिद | २५०००० |
| ५२२ | राजस्व फिर्ता | बैठक भत्ता भुक्तानी | १३११० |
| ५३५ | अपाङ्गता लक्षित कार्यक्रम | CAT ब्याग खरिद | ३६३०० |
| ५३६ | दलित लक्षित फिल्टर खरिद | दलित रणनितीक योजना तयार | ३००००० |
| ५६४ | वडा स्तरिय खेलकुद | कोठा सिलिङ्ग खर्च | ९६००० |
| ५८६ | संघ संस्था अनुदान | सहकारी तालिम | २००००० |
| ५८९ | पदाधिकारी पारिश्रमिक | विविध खर्च | ४५०३५ |
| ५८९ | पदाधिकारी पारिश्रमिक | अनुदान वितरण | १००००० |
| **गाउँपालिका स्वास्थ्यतर्फ** | | | |
| ४५ | स्वास्थ्य कर्मचारीहरुलाई आधारभुत कम्प्युटर तालिम | खोप क्लिनिक सञ्चालन | ७०४०० |
| ५३ | डि एच आई एस ट्रेनिङ्ग खर्च | पोषण कार्यक्रमको समिक्षा | २०१०० |

| ससर्त चालुतर्फ | | | |
|---|---|---|---|
| | शिक्षक पारिश्रमिक | लम्पी स्किन रोग नियन्त्रण खर्च (सुनिल न्यौपाने) | ९५७२० |
| | **जम्मा** | | **१५९३०६५** |

| अनियमित भएको | १५,९३,०६५ |
|---|---|

९० **आमन्त्रित सदस्य -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले खर्च गर्दा मितव्ययी भई गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न समिति तथा उपसमितिहरुको बैठकमा समिति तथा उपसमितिका सदस्यहरु बाहेक आमन्त्रित सदस्यहरुको संख्या १० देखि १२ जना सम्म राखेको पाइयो । यसरी ठुलो संख्यामा आमन्त्रित सदस्य राखी भत्ता दिन मिल्ने व्यवस्था नरहेकोले पालिकाले यस प्रकृतिको खर्च नियन्त्रण गर्दै खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९१ **अनुपस्थित बैठक भत्ता**

...................... ***(प्रारम्भिक प्रतिवेदन उपर ६ जनाको असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.५,१००।- सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको ।)***

९२ **पदाधिकारी अनुगमन भत्ता -** गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा पालिका अध्यक्षले रू.१०,०००।-, उपाध्यक्षले रू.१०,०००।-, वडाध्यक्षले रू.४,०००।- र कार्यपालिका सदस्यले रू.२,०००।- मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ ।अनुगमन भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेमा मासिक प्रतिवेदन पेश नभएको रू.

| पद | संख्या | मासिक अनुगमन भत्ता दर | जम्मा महिना | भुक्तानी रकम |
|---|---|---|---|---|
| अध्यक्ष | १ | १०००० | १२ | १२०००० |
| उपाध्यक्ष | १ | १०००० | १२ | १२०००० |
| वडाध्यक्ष | ५ | ४००० | १२ | २४०००० |
| कार्यपालिका सदस्य | ६ | २००० | १२ | १४४००० |
| **जम्मा** | | | | **६२४०००** |

| प्रमाण पेश नगरेको | ६,२४,००० |
|---|---|

९३ **पदाधिकारी चाडपर्व खर्च -** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ (४) मा स्थानीय तहको आन्तरिक राजस्व र आम्दानीलाई विचार गरी गाउँपालिकाका सदस्यहरुले रू.१० हजार नबढ्ने गरी सभाले स्वीकृत बजेटको सीमा भित्र रहि कार्यपालिकाले निर्णय गरे बमोजिम चाडपर्व खर्च पाइने उल्लेख छ । पालिकाले यस वर्ष गाउँपालिका सदस्यहरुलाई चाडपर्व खर्च बापत जनही रू.१० हजारका दरले चाडपर्व बापत रू.२,८०,०००।-

खर्च लेखेकोमा पालिकाले सोको कार्यपालिका निर्णय गरेको पाइएन। साथै आन्तरिक आम्दानी न्यून रहेको यस पालिकाले सो खर्च राजस्व बाँडफाँट शीर्षकबाट प्राप्त रकमबाट खर्च लेखेको पाइयो। ऐनमा भएको व्यवस्था पालना नगरी चाडपर्व खर्च भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २,८०,००० |

९४ **बिल बिजक -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च लेख्दा खर्चलाई पुष्टी गर्ने बिल भर्पाइ पेश गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायनुसारका गैर सरकारी संस्थाहरु मार्फत विभिन्न कार्यक्रम सञ्चालन गर्न सम्झौता गरेकोमा उक्त संस्थाहरुले विभिन्न फर्म तथा पार्टीका बिल विजक पेश गरी भुक्तानी गरेको देखियो । बिल बिजक जारी नै नगरी गैर सरकारी संस्थाबाट खरिद गरेको अवस्थामा आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशत कर लाग्ने व्यवस्था गरेकोमा गैर सरकारी संस्थाबाट भएको खरिद कार्यमा उक्त दफा बमोजिम १५ प्रतिशतले हुने नपुग कर रू.४०,६०९।- असुल गर्नुपर्ने रू.

| भौ. नं. | गै. स. स.को नाम | कार्य | भुक्तानी रकम | कट्टी भएको कर | नपुग कर |
|---|---|---|---|---|---|
| ५०७ | झिल्के समाज सुधार समुह | क्षमता अभिवृद्धि कार्यक्रम | ३००००० | ४३९१ | ४०६०९ |
| **जम्मा** | | | | | **४०६०९** |

..................... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.१३,७२१।- सम्परीक्षण मनासिब देखि फर्स्योट गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,६०९ |

९५ **कार्यालय समयमा बैठक भत्ता (४१-२०७९-६-७) -** अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ (आठौं संस्करण) को परिच्छेद ७ मा कार्यालय समय अघि वा पछि सम्पन्न भएको बैठकको लागि मात्र बैठक भत्ताको व्यवस्था गरेको छ । पालिकाले २०७९।५।२० मा देहायबमोजिमका कर्मचारीहरुलाई कार्यालय समय बिहान ११ र दिउँसो ३ बजे बसेको बैठकको भत्ता रू.१०००।-का दरले भुक्तानी गरेको देखिएकोले नपाइने बैठक भत्ताको रकम असुल गर्नुपर्ने रू.

| क. सं. | कर्मचारीको नाम | भुक्तानी भएको बैठक संख्या | भत्ता नपाउने बैठक संख्या | कर बाहेक असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत रोशन कार्की | ३ | २ | १७०० |
| २ | रोजगार संयोजक बिनोद कुमार धमाल | ३ | २ | १७०० |
| ३ | अधिकृतस्तर सातौं नवराज राउत | ७ | २ | १७०० |
| ४ | क. अ. अश्विन कुमार राई | ३ | २ | १७०० |
| **जम्मा** | | | | **६८००** |

✂ ...................... *(प्रारम्भिक प्रतिवेदन उपर ९ जनाबाट असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.१३,२६०।- सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको ।)*

| असुल गर्नुपर्ने | ६,८०० |
|---|---|

९६ **कार्यपालिका बैठकको दिन भ्रमण खर्च**

✂ ...................... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.१०,०००।- सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको ।)*

९७ **कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने कर कट्टी नगरेको एवं घटी कट्टी गरेको वा कट्टीगरी दाखिला नगरेकोले उक्त रकम असुल हुनुपर्ने रू.

| भौ. नं. | भुक्तानी विवरण | करको प्रकार | भुक्तानी लिनेको नाम | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|---|
| **संघीय ससर्ततर्फ** | | | | | |
| २४० | विभिन्न कार्यक्रम | अग्रीम कर | राजेश दनुवार | ३४८९९० | १५५८५ |
| १६४ | विभिन्न कार्यक्रम | अग्रीम कर | राजेश दनुवार | ४९०००० | ४७१०० |
| २३८ | विभिन्न पोषण कार्यक्रम | अग्रीम कर + पारिश्रमिक कर | ठविन्द्र कुमार मगर | २६३७५१ | ८१७६ |
| **जम्मा** | | | | | **७०८६१** |

✂ ...................... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.३४,६७५।- सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको ।)*

| असुल गर्नुपर्ने | ७०,८६१ |
|---|---|

९८ **प्रशिक्षण तथा कार्यपत्र खर्च**

✂ ...................... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.३९,३००।- सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको ।)*

९९ **खेलकुद कार्यक्रम (५२०-२०८०-३-९)** - कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ। पालिकाले ताप्ली युवा तथा खेलकुद विकास समितिलाई अन्तरपालिका स्तरिय अध्यक्ष कप भलिबल प्रतियोगिता सञ्चालन गर्न रू.८,३१,०१०।- खर्च गरेकोमा उक्त प्रतियोगिता सञ्चालनमा भएको खर्चहरुलाई प्रमाणित गर्ने कागजपत्रहरु संलग्न नगरी सोझै खर्चको विभिन्न टुक्रे बिल पेश गरी भुक्तानी भएको पाइयो। कार्यक्रम सञ्चालन गरे पश्चात खर्चको सार्वजनिकिकरण गरी प्रतिवेदन पेश गर्नुपर्नेमा सो बमोजिम नभएको तथा उक्त कार्यक्रममा खरिद भएका सामग्रीहरुको जिन्सी दाखिला तथा खर्चको अभिलेखांकन समेत गरेको पाइएन। तसर्थ खर्चलाई प्रमाणित गर्नेगरी कागजपत्र संलग्न नगरी खर्च लेखेकोले अनियमित देखिएको रू.

| अनियमित भएको | ८,३१,०१० |
|---|---|

१०० **नाफामूलक संस्थालाई अनुदान (४८३-२०८०-२-२४)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष पालिकाले पुष्पान्जली महिला बहुउद्देशिय सहकारी संस्थालाई कार्यालय व्यवस्थापन गर्न रू.२,००,०००।- अनुदान दिएको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

१०१ **अवलोकन भ्रमण खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले भौ नं. ४४१ बाट वडा नं. २ का कृषक तथा पदाधिकारीहरुलाई हिले भ्रमण गराएको बिल भरपाई पेश गरी वडा सचिव सन्जय राईलाई रू.१,२५,०००।- भुक्तानी दिएको खर्चको परीक्षण गर्दा चैत्र ६ देखि चैत्र ८ सम्म भ्रमण गर्दाको गाडी भाडा को अतिरिक्त १२ जनालाई नास्ता खाना खाजा र लजको समेत बिल भरपाई पेश गरी भुक्तानी भएको छ । खाना खाजा र लग समेतको बिल भरपाई पेश गरी भुक्तानी भएको अवस्थामा निम्नानुसारका सहभागीहरुलाई रू.२,०००।- का दरले भ्रमण भत्ता समेत भुक्तानी दिई खर्च लेखेको पाइयो । भ्रमण गर्दा खाना तथा बासको व्यवस्था भएकोमा भ्रमण खर्च बापत भुक्तानी भएको रकम दिन नमिल्ने हुँदा उक्त रकम असुल गर्नुपर्ने रू.

| क्र. सं. | कर्मचारी/ जनप्रतिनिधि / किसानको नाम | भ्रमण खर्च भुक्तानी |
|---|---|---|
| १ | भक्त बहादुर राई | २००० |
| २ | अमल बहादुर राई | २००० |
| ३ | झिल्ली शेर राई | २००० |
| ४ | रिटेन्द्र राई | २००० |
| ५ | टिका बिर राई | २००० |
| ६ | चक्र बहादुर राई | २००० |
| ७ | घनश्याम बुढाथोकी | २००० |
| ८ | राज कुमार राई | २००० |
| | **जम्मा** | **१६०००** |

..................... ***(प्रारम्भिक प्रतिवेदन उपर ४ जनाबाट असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.८,०००।- सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,००० |

१०२ **गाउँ शिक्षक तलब भत्ता अनुदान** - समानिकरण अनुदान समेत समावेश भएको पालिका चालु बजेट बाट निजी शिक्षकहरुको तलब भत्ता अनुदानमा खर्च गर्न मिल्ने देखिँदैन । पालिकाले ससर्त अनुदान अन्तर्गत दरबन्दी भित्रका

प्राथमिक शिक्षक, निम्न माध्यमिक शिक्षक, माध्यमिक शिक्षक तथा प्रारम्भिक बाल विकास शिक्षकहरुबाट पठन पाठन कार्य सञ्चालन गरी निजहरुको तलब भत्ता खर्च लेखेको अतिरिक्त शिक्षक दरबन्दि स्वीकृत भई नसकेका विभिन्न २० विद्यालयहरुमा २३ जना थप गाउँ शिक्षक नियुक्त गरी निजहरुको तलब भत्ता, चाडबाड खर्च र पोशाक बापत यस वर्ष रू.६३,९६,०००।- निकासा दिएको देखियो जुन पालिकाको कुल आन्तरिक आय रू.२२ लाख ७८ हजारको २८०.६६ प्रतिशत हुन आउँछ। विद्यालय कर्मचारी तथा बालविकास सहायक कर्मचारीहरुको थप पारीश्रमिक स्थानीय श्रोतबाट व्योहर्नु पर्नेमा पालिकाले रू.१३,२४,९८३।- ससर्त अनुदानबाट खर्च लेखेको अवस्था रहेको छ । आन्तरिक आय न्यून भई प्रशासनिक खर्च समेत व्यहोर्न नसक्ने अवस्थामा समानिकरण अनुदानको समेत हिस्सा रहेको पालिका चालु बजेटबाट गाउँ शिक्षकको तलब भत्ता लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

१०३ **दिवा खाजा बढी भुक्तानी -** दिवा खाजा बढी भुक्तानीः कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.७.११.१ मा विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिनका लागि सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका विद्यालयगत तथ्यांकका आधारमा प्रति विद्यार्थी दैनिक रू.१५।- का दरले १८० दिनको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा दिने व्यवस्था छ। पालिकाले देहायबमोजिमका विद्यालयलाई १८० दिन भन्दा बढी दिनको दिवा खाजा वापतको रकम निकासा गरेकोले बढी निकासा गरेको रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| विद्यालयको नाम | भुक्तानी दिन | बढी भुक्तानी दिन | विद्यार्थी संख्या | दर | बढी निकासा रकम |
|---|---|---|---|---|---|
| श्री मा. वि. फुस्रे | १८९ | ९ | ११८ | १५ | १५९३० |
| श्री महेन्द्र आ. वि., सोरुङपोखरी | १९६ | १६ | १६७ | १५ | ४००८० |
| **जम्मा** | | | | | **५६०१०** |

| असुल गर्नुपर्ने | ५६,०१० |
|---|---|

१०४ **शिक्षक तालिम**

..................... ***(प्रारम्भिक प्रतिवेदन उपर शिक्षकहरुलाई तालिमको भत्ता रकम बुझाएको प्रमाण पेश भएको आधारमा रू.२०,४००।- र असुल भई प्रमाण पेश भएको आधारमा रू.१७,८५०।- मिति २०८०-१२-२७ को निर्णयअनुसार सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

१०५ **माग भन्दा बढी दिवा खाजा रकम निकासा -** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.७.११.१ मा विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिनका लागि सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका विद्यालयगत तथ्यांकका आधारमा प्रति विद्यार्थी दैनिक रू.१५।- का दरले १८० दिनको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले देहायका विद्यालयहरुलाई ई.आई.एम.ई.एस. डाटामा उल्लेखित विद्यालय संख्याको आधारमा दिवा खाजा माग फारम रुजु गरी निकासा दिनुपर्नेमा माग भन्दा बढी निकासा दिएको देखिएकोले बढी निकासा भएको रकम सम्बन्धित विद्यालयहरुबाट असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रू.

| विद्यालयको नाम | विद्यार्थी संख्या | भुक्तानी भएको दिन | भुक्तानी हुनुपर्ने रकम | निकासा भएको रकम | बढी निकासा | अवधि |
|---|---|---|---|---|---|---|
| श्री आ. वि., थुम्की | १६२ | ५० | १२१५०० | १३६८३० | १५३३० | बैशाख- जेठ |
| श्री देवी आ. वि . | ३५ | ६७ | ३५१७५ | ४३६९५ | ८५२० | श्रावण- मंसिर |
| श्री देवी आ. वि . | ३५ | ६८ | ३५७०० | ४५२७० | ९५७० | बैशाख- असार |
| श्री मा. वि . कटहरे | ११४ | ६९ | ११७९९० | १२२४०० | ४४१० | श्रावण- मंसिर |
| श्री मा. वि . कटहरे | ११४ | २६ | ४४४६० | ८९६२५ | ४५१६५ | बैशाख- जेठ |
| जम्मा | | | | | ८२९९५ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,९९५ |

१०६ **शैक्षिक सामग्री खरिद र व्यवस्थापन**

१०६.१ कार्यक्रम कार्यान्वयन पुस्तिका वमोजिम इन्टरनेटका पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी ती विद्यालयबाट प्रस्ताव माग गर्ने, माध्यमिक तहमा गणित, अंग्रेजी, विज्ञान विषय पढाइरहेको शिक्षकको ल्याव तथा पुस्तकालय एवं स्मार्ट कक्षाको माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहितको प्रस्ताव माग गरी छनौट भएका विद्यालयलाई दिएको अनुदान रकमबाट सार्वजनिक खरिद ऐन, नियमावलीको प्रक्रिया पूरा गरी शैक्षिक सामग्री खरिद एवं व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ।

क) पालिकाले ई-लाइब्रेरी स्थापना अनुदान बापत महेन्द्र आ.वि., सुरुङपोखरीलाई रू.६,२५,०००।- निकासा गरेकोमा कार्यक्रम कार्यान्वयन निर्देशिका वमोजिम विद्यालयले खरिद सामग्रीहरु आफ्नो जिन्सीमा आम्दानी बाँधेको पाइएन । तसर्थ खरिद सामानहरुको अभिलेख रहने गरी जिन्सीमा आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्दछ । साथै पालिकाले उक्त खर्च शिक्षक पारिश्रमिकबाट खर्च लेखेकोले फरक शीर्षकबाट खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ६,२५,००० |

१०६.२ ..................... ***(प्रारम्भिक प्रतिवेदन उपर विद्यालयबाट रकम असुल गरी संघीय सञ्चितकोषमा रकम जम्मा गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-७ को निर्णयानुसार रू.३,००,०००।- को सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको।)***

१०७ **नमुना माध्यमिक विद्यालय विकास कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले स्थानीय तहसँग साझेदारीमा नमुना माध्यमिक विद्यालय विकास कार्यक्रम अन्तर्गतको ३० प्रतिशत शैक्षिक गुणस्तर व्यवस्थापनको रकम श्री मा.वि. झिल्केपोखरीलाई कम्प्यूटर तथा मेसिनरी सामान खरिद गरेको बिलको आधारमा रू.१२,९३,७५०।- भुक्तानी दिएको देखियो । उक्त सामान सम्बन्धित विद्यालयले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको देखिएन । विद्यालयले खरिद गरेका सामग्रीहरु आफ्नो जिन्सी खातामा आम्दानी बाँध्नुपर्दछ साथै पालिकाले अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०८ **प्रशिक्षण तथा कार्यपत्रको बढी दर**

..................... ***(प्रारम्भिक प्रतिवेदन उपर २ जनाबाट असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.२१,५९०।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

१०९ **ससर्त अनुदानबाट थप पारिश्रमिक भुक्तानी**

..................... ***(प्रारम्भिक प्रतिवेदन उपर पालिकाबाट सोधभर्ना गरी संघीय सञ्चितकोषमा रकम जम्मा गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा रू.१३,२४,९८३।- को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको। )***

११० **ससर्त अनुदानबाट कार्यालय सहयोगीको पारिश्रमिक भुक्तानी**

..................... ***(प्रारम्भिक प्रतिवेदन उपर पालिकाबाट सोधभर्ना गरी संघीय सञ्चितकोषमा रकम जम्मा गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा रू.१,८०,०००।- को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको।)***

१११ **एम्बुलेन्स भाडा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । पालिकाले आफ्नो मातहतमा रहेको स्वास्थ्य चौकी ओख्ले हेल्थ पोष्टको एम्बुलेन्स भाडामा प्रयोग गर्न सम्झौता गरी भाडा बापत रू.६,००,०००।- मा बहाल कर कट्टी बाहेक रू.५,४०,०००।- खर्च लेखी भुक्तानी गरेको छ । स्वास्थ्य चौकीले उक्त रकम प्रयोगको विवरण अथवा स्वास्थ्य चौकीको लेखापरीक्षण प्रतिवेदन पेश गरेको छैन जसबाट भुक्तानी रकमको प्रयोग यकिन हुन सकेन । अतः पालिकाले आफ्नो मातहतमा रहेको स्वास्थ्य चौकीको आम्दानी अभिलेखाङ्कन गरी पालिकाको आय व्ययमा समावेश गरी नियमानुसार लेखापरीक्षण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११२ **औषधी खरिद -** पालिकाले यस वर्ष सिलबन्दी एवं सोझै खरिद पक्रिया अवलम्बन गरी देहायबमोजिम रू.२९,३१,९६९।- को औषधी एवं सर्जिकल उपकरणहरु खरिद गरेको छ ।

| आपूर्तक | खरिद विवरण | भुक्तानी रकम | खरिद विधि |
|---|---|---|---|
| **स्वास्थ्य चालुतर्फ** | | | |
| ओम मनकामना फर्मा | औषधी खरिद | ९९७७८० | सोझै |
| ओम मनकामना फर्मा | औषधी खरिद | ९९०५८९ | सोझै |
| **ससर्ततर्फ** | | | |
| अजम्बरी फर्मास्यूटिकल्स | औषधी खरिद | ९४३६०० | सोझै (असारमा) |
| | **कुल जम्मा** | **२९३१९६९** | |

यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन्:

क) पालिकाले अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरुका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी खरिद गर्न सकिन्छ । पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी औषधी आपूर्तिका लागि चालुतर्फको बजेटबाट खरिद गर्न दुई पटक सोझै माग गरेकोमा ओम मनकामना फर्मा मार्फत रू.१९,८८,३६९।-को औषधी खरिद गरेको पाइयो । पालिकाले पुनः औषधी खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यक्ता पुष्टयाई नगरी आर्थिक वर्षको अन्त्यमा ससर्त शीर्षकबाट रू.९,४३,६००।- को औषधी सोझै खरिद गरेको छ । यसरी पुष्ट्याई सहित आवश्यकता निर्धारण नगरी आर्थिक वर्षको अन्त्यमा पुनः औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ख) पालिकाले लागत अनुमान तयार नगरी तिन वटा सूचीकृत फर्महरु मार्फत सोझै दर माग गरी घटी कबोलकर्ता मार्फत खरिद गर्ने गरेको पाइयो । पालिकाले लागत अनुमान तयार गर्नेतर्फ ध्यान जानुपर्दछ।

ग) खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन । जसका कारण आपूर्ति भएका औषधी डब्लु.एच.ओ. सर्टिफाइड भए नभएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था रहेन । साथै औषधीको उत्पादन मिति ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण समावेश भएको देखिएन ।

घ) आपूर्ति भएका औषधी एवं सर्जिकल सामग्री जिन्सी दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए / नभएको खुलाएको पाइएन । जसकारण औषधीको गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन ।

ङ) औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने देखिएन ।

तसर्थ औषधी खरिदको लागि भण्डारमा रहेको मौज्दात एवं मागमा आधारित योजना तर्जुमा गरी उचित मात्रामा औषधी खरिद गर्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

११३ **करार कर्मचारी चाडपर्व खर्च -** नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निणर्यानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने भन्ने उल्लेख छ । पालिकाले रोजगार सहायक विवश ठकुरीलाई मिति २०७९।५।२८ मा करारमा नियुक्त गरी करार अवधि ६ महिना नपुग्दै निजलाई चाडपर्व खर्च रू.३४,७३०।- भुक्तानी दिएकोले दिन नमिल्ने उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,७३० |

११४ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री

रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा २३ योजना सञ्चालन गरी यस वर्ष ३० महिला तथा २७ पुरुष समेत ५७ जनालाई औषतमा १०० दिन रोजगारी उपलब्ध गराई रू.३२,८८,९००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११५ **बिल भरपाईभन्दा बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमको कार्यक्रममा संलग्न बिल भरपाईभन्दा बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रू.

| भौचर नं र मिति | कार्यक्रमको नाम | भुक्तानी लानेको नाम | भुक्तानी रकम | बिल भरपाई | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ४- २०८०।३।२४ | बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत फिल्टर तथा अण्डा कुखुरा वितरण कार्यक्रम | ठबिन्द्र कुमार मगर | ५००००० | ३७८०४० | १२१९६० |
| **ससर्त तर्फ** | | | | | |
| २४५- ०८०।३।२४ | पुरस्कार र सम्मान कार्यक्रम | सञ्जु कुमारी दाहाल | ५०००० | ४६६९० | ३०२० |
| २८०- ०८०।३।२२ | मातृ तथा नव शिशु कार्यक्रम | लाल बहादुर दनुवार | १००००० | ९४६०० | ५४०० |
| २२३- ०८०।३।२३ | लेखगाउँ स्वास्थ्य चौकी विभिन्न कार्यक्रम | राम कुमार राउट | १००००० | ३७१०० | ६२९०० |
| | **शिक्षा चालु** | | | | |
| २१- ०८०।१।६ | विद्यालयको शैक्षिक तथ्याङ्क सुद्दिढकरण सम्बन्धि तालिम | सञ्जु कुमारी दाहाल | १००००० | ९१९९५ | ८००५ |
| **जम्मा** | | | | | **२०१२८५** |

..................... ***(प्रारम्भिक प्रतिवेदन उपर २ जनाबाट असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.१३,८४५।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

| असुल गर्नुपर्ने | २,०१,२८५ |
|---|---|

११६ **विपद्‌बाट सामग्री खरिद -** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाले विपद व्यवस्थापन शीर्षक अन्तर्गत देहायका भौचरबाट विभिन्न कार्यालय सामग्री खरिद गरेको देखिएकोमा उक्त सामग्री खरिदको आवश्यक्ता निर्धारण तथा प्रयोगको अवस्था सम्बन्धी प्रमाण पेश भएको पाइएन । पालिकाले यस्ता प्रकृतिका सामग्रीहरु चालू खर्च शीर्षकबाट गर्नु पर्नेमा विपद् व्यवस्थापन खर्च शीर्षकबाट खर्च लेखेको नियमसम्मत देखिएन । अतः पालिकाले उक्त खरिद गरेका सामग्रीहरुको समुचित प्रयोगको प्रमाण पेश गरी विपदबाट खर्च गर्नुपर्ने औचित्य पुष्टि गर्दै नियमित गर्नुपर्ने रू.

| भौ. नं. र मिति | खरिद सामग्री | भुक्तानी रकम |
|---|---|---|
| २८- ०८०।३।९ | तार, बाक्स, दराज आदी | १०३३४० |
| २९- ०८०।३।९ | रंग, निप्पल, युनियन आदी | १३७४४५ |
| ३४- ०८०।३।२१ | कार्यालय सामग्री | ७८७१० |
| **जम्मा** | | **३१९४९५** |

| | |
|---|---|
| अनियमित भएको | ३,१९,४९५ |

११७ **रिटेन्सन मनि कट्टी नगरेको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) अनुसार रनिङ बिल वा अन्य विजकको भुक्तानी दिदाँ सम्झौता अनुसार रिटेन्सन मनी बापतको ५% रकम कट्टी गर्नुपर्ने र उक्त रिटेन्सन मनी त्रुटीसच्याउने दायित्व सकिए पश्चात, कर समायोजन पेश गरेपछि फिर्ता दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायका फर्महरुसँग निर्माण कार्यको भुक्तानी गर्दा सम्झौतामा भएको प्रावधान अनुसार ५% रिटेन्सन मनी कट्टी नगरी भुक्तानी गरेको देखिन्छ । नियमावलीको व्यवस्था बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

| गो भौ नं. र मिति | आपूर्तकको नाम | खरिद कार्य | भुक्तानी रकम | रिटेन्सन मनि रू. |
|---|---|---|---|---|
| २०८- ०८०।३।२२ | प्रविण निर्माण सेवा, ताप्ली - १ | कलेक्सन सेन्टर निर्माण | ९६०७५८ | ४२५११ |
| २०९- ०८०।३।२२ | सिद्वान्त बिल्डर्स, सिरहा | कृषि उपज संकलन केन्द्र निर्माण | ९६०३६३ | ४२४९३ |
| **जम्मा** | | | | **८५००४** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

११८ **साना सिंचाई आयोजना -** साना सिंचाई आयोजना अन्तर्गत यस पालिकामा साझेदारी लगानी आयोजनामा उपभोक्ता, स्थानीय सरकार, प्रदेश सरकार, सघिय सरकार तथा स्वीस सरकारको सहभागितामा साना सिंचाइ योजनाहरु सञ्चालनमा रहेको विवरण प्राप्त भयो। नमुना छनौट गरी ४ वटा साना सिंचाई योजनाको परीक्षण गर्दा यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नअनुसार छन्:

साना सिंचाई आयोजना अन्तर्गत यस पालिकामा साझेदारी लगानी आयोजनामा खर्च गर्दा संझौतामा उल्लेखित अनुपात अनुसारको श्रोतवाट खर्च लेख्नु पर्दछ। समुदायमा आधारित साना सिंचाई आयोजना सञ्चालनका लागि साझेदारी लगानी सम्झौतामा व्यवस्था भए अनुसार कन्टिन्जेन्सी सहितको कुल लागतमा उपभोक्ता, स्थानीय सरकार, प्रदेश सरकार, सङ्घीय सरकार तथा स्वीस सरकारको सहभागिता क्रमशः १०,२०, २०, २० र ३० प्रतिशत रहेकोमा आयोजनाहरुको कार्यसम्पन्न अनुसार भुक्तानीमा श्रोतगत खर्च हिसाब गरी खर्च भएको देखिएन । कन्टिन्जेन्सीमा श्रोत मिलान नगरी बढी रकम खर्च गरेको छ । तसर्थ आयोजनामा श्रोतगत हिसाव मिलान गरी खर्च गर्नुपर्दछ ।

| योजनाको नाम | कार्य सम्पन्न | स्थानीय तह | प्रदेश सरकार | संघीय सरकार | स्वीस सरकार |
|---|---|---|---|---|---|
| टारि कुलो सिन्दुरेबेसी सिंचाई योजना | २१९८६०१ | ४२१०८८.२० | ४४०६०८.२० | ४८७९९९.७० | ७३३००० |
| घारी खोला मूल कुलो सिंचाई योजना | १८६५९५९.१० | ३५७४४४.७० | ४१७००० | ३९२०४१.२० | ६२६००० |
| लाटी खोला सिंचाई योजना | १७४३६७३.४० | ३३४१७५.०४ | ३५०२९५.०४ | ३८५९२४.७६ | ६०४००० |
| कुबिन्डे खोला भैंसेटार तल्लो छतिवने सिंचाई योजना | २९१३५७३.६० | ५४५०९३.७० | ६४९८४९.५३ | ६२१७९१.२० | ९६६३५६.५० |
| जम्मा | ८७२१८०७.१२ | १६५७८०१.६४ | १८५७७५२.७७ | १८८७७५६.८६ | २९२९३५६.५० |
| हुनुपर्ने | | १७४४३६१ | १७४४३६१.४० | १७४४३६१.४० | २६१६५४२.१० |
| फरक | | -८६५५९.८ | ११३३९१.३५ | १४३३९५.४४ | ३१२८१४.४० |

सैद्धान्तिक बेरुजु

११९ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५ उपदफा ७ र ८ मा कार्यक्रमको लागि छनौट भएका लाभग्राहीलाई सम्बन्धित स्थानीय तहसँग सुरक्षित आवास निर्माण सम्झौता भएपछि पहिलो किस्तावापत ६० प्रतिशत रकम र स्थानीय तहको प्राविधिकबाट निर्माण कार्य सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा दोश्रो तथा अन्तिम किस्ताको ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने र अनुदान रकम अन्य प्रयोजनमा खर्च गरे वा सम्झौता बमोजिमको कार्य किस्ता उपलब्ध गराएको तीन महिनाभित्र सम्पन्न नगरेमा त्यस्तो अनुदान रकम असुल उपर गर्ने उल्लेख छ ।यस वर्ष कार्यक्रमको लागि रू.९४,००,०००।- बजेट प्राप्त भएकोमा रू.४०,५५,८२०।- खर्च गरेको छ । यस पालिका अन्तर्गत छनौट भएका २९१ घर धुरी मध्ये २०८० आषाढ मसान्तसम्म २१५ लाभग्राहीले कार्य सम्पन्न गरी दोश्रो किस्ता समेत भुक्तानी लिएको देखियो । पालिकाले यस वर्ष लागग्राहीलाई प्रथम किस्ता वापतको रकम उपलव्ध गराएको पाइएन । पालिकाले छनौट भएका लाभग्राहीहरुसँग सम्झौता गरी तोकिएबमोजिम कार्यसम्पन्न गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२० **सामाजिक सुरक्षा -** नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ। यस पालिकामा ५ वटा वडा रहेकोमा ५ वटै वडाको भत्ता प्राइम कमर्सियल बैङ्कको रुपाटार शाखाबाट वितरण गर्दै आएको देखियो । पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व. र यस आ.व.को अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरुको विवरण यस प्रकार रहेको छः

| लक्षित समूह | आ. व. २०७८।७९ को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या | आ. व. २०७९।८० को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या | भत्ता दर मासिक रू. |
|---|---|---|---|
| ज्येष्ठ नागरिक | ५५६ | ७८७ | ४००० |
| ज्येष्ठ नागरिक (दलित) | १०५ | ८९ | २६६० |
| ज्येष्ठ नागरिक (एकल महिला) | १४३ | १०७ | २६६० |
| विधवा | १३४ | १३९ | २६६० |
| पूर्ण अपाङ्ग क वर्ग | ६४ | ७१ | ३९९० |
| आंशिक अपांग ख वर्ग | ६० | ८३ | २१२८ |
| बालबालिका | १३६ | १३५ | ५३२ |
| **जम्मा** | **११९८** | **१४११** | |

यस गाउँपालिकामा आर्थिक वर्ष २०७८।७९ मा सामाजिक सुरक्षा भत्ता वितरणमा रू.४,४३,५१,४३८।- खर्च भएको र यस आर्थिक वर्षमा रू.५,४२,२६,८२६।- खर्च लेखेको छ । अघिल्लो आ.व. को सोधभर्ना रू.२३,१२,८२६।- कट्टा गरी यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रू.५,१९,१४,०००।- बैङ्कलाई निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म हिसाबमिलान गरेको देखिएन । अघिल्लो आर्थिक वर्षको अन्तिम त्रैमासिकभन्दा यस आर्थिक वर्षको अन्तिम त्रैमासिकमा २१३ जना लाभग्राहीहरु थप भएको देखिन्छ । यस आर्थिक वर्षमा २३१ जना ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने लाभग्राहीहरु बढेको देखिन्छ भने अन्य ज्येष्ठ नागरिक र ज्येष्ठ नागरिक (एकल महिला)को संख्या घटेको देखिन्छ। यस आर्थिक वर्ष देखि ६८ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक भत्ताको व्यवस्था गरेको कारणले ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको संख्यामा वृद्धि भएको तथा ६८ वर्ष उमेर पुरा भएका ज्येष्ठ नागरिक दलित र ज्येष्ठ नागरिक (एकल महिला) को भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरु ज्येष्ठ नागरिक लाभग्राहीको समूहमा परिणत भई यस प्रकारका लाभग्राहीहरुको संख्या घटेको भन्ने पालिकाको भनाई रहेको छ ।

सैद्धान्तिक बेरुजु

१२१ **बैंकसँगको हिसाबमिलान -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले प्राइम कमर्सियल बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि उक्त बैङ्कलाई देहायबमोजिम रू.५,१९,१४,०००।- निकासा दिएकोमा प्राप्त रिभर्स फिड अनुसार रू.५,१६,३५,८७२।-खर्च भई रू.२,७८,१२८।-बाँकी देखिन्छ।तर बैक स्टेटमेन्ट अनुसार बैङ्कमा रू.१,९४,५३८।-मात्र बाँकी रहेको देखिएको र मिति २०८०।०६।०९ मा बेरुजु खातामा दाखिला गरेको छ। अतः हिसाव फरक परेको रू.८३,५९०।- पालिकाले छुट भएका लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा समावेश नगरी भत्ता प्रदान गरेको भन्ने पालिकाको भनाई रहेकोले प्रणाली बाहिरबाट भत्ता वितरण गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ । साथै सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा भत्ता वितरण गरेका सम्पूर्ण लाभग्राहीहरुको विवरण अद्यावधिक गर्नुपर्ने देखिन्छ।

| त्रैमासिक | निकासा रकम | पालिकाले पेश गरेको Reverse Feed अनुसार खर्च रकम | बाँकी रकम | बैङ्कबाट फिर्ता रकम |
|---|---|---|---|---|
| प्रथम | १२३०९९९९ | १२१७१९५१ | १३८०४८ | - |
| दोस्रो | १३०८३७७१ | १३००९८२८ | ७३९४३ | - |
| तेस्रो | १३०६७४४८ | १२९८६८१३ | ८०६३५ | - |
| चौंथो | १३४५२७८२ | १३४६७२८० | (१४४९८) | १९४५३८ |
| जम्मा | ५१९१४००० | ५१६३५८७२ | २७८१२८ | |

**निष्क्रिय खाता -** सामाजिक सुरक्षा भत्ता वितरणको लागि खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खातामध्ये निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेकोमा सो बमोजिम गरेको पाइएन । पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्क्रिय खाताको विवरण माग गरी निष्क्रिय खाताका लाभग्राहीमध्ये वास्तविक लाभग्राहीका सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निष्क्रिय रहेको रकम नियमानुसार असुल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

**वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण -** कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राही भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित/हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैङ्कबाट उल्लिखित विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

**लगत कट्टा गर्ने -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको दफा ११ मा सामाजिक सुरक्षा ऐनको दफा १९ मा सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने, कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्ने, घटना दर्ता गर्दा लाभग्राही

विवरणसमेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने र लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले घटना दर्ता गर्दा लाभग्राही विवरण अद्यावधिक गर्ने गरेको जानकारी दिए तापनि ऐनको व्यवस्था बमोजिम कार्यालय प्रमुखबाट निर्णय गराई स्थानीय तहको मूल अभिलेखमा लगत अद्यावधिक गर्ने गरेको देखिएन।

**लाभग्राहीको अभिलेख -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन। साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ। पालिकाले सो प्रणालीमा अधिकांश लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

१२२ **बढी भुक्तानी -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको दफा १५ अनुसार भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता भुक्तानी दिने व्यवस्था गरेको छ । नमुना छनौट गरी वडा नं.२ र ५ को Reverse Feed परीक्षण गर्दा देहायका लाभग्राहीको लगत कट्टा पश्चात पनि भत्ता वितरण भएको देखिएकोले लगत कट्टा पश्चात भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

| परिचयपत्र नं. | नाम | नागरिकता नं | त्रैमासिक भत्ता दर | मृत्यु/लगत कट्टा मिति | विवरण | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| | | | **वडा नं ५** | | | |
| २०१२०४१२०२०१४ | मधु कुमारी खत्री | १४-१३-७५-००३२७ | ७९८० | २०७९।०६।१० | पहिलो त्रैमासिक पुरै भुक्तानी | १७३३ |
| १९९०१२३०८१४०९ | ललित माया श्रेष्ठ | १४-०२-७७-०२६६४ | १२००० | २०७९।०६।०१ | पहिलो त्रैमासिक पुरै भुक्तानी | ३८६७ |
| १९९६१२३०४८४३९ | भिम बहादुर बुढाथोकी | ४।११८८ | १२००० | २०७९।०८।२६ | दोस्रो त्रैमासिक पुरै भुक्तानी | ४५३३ |
| २०१०१२३१५११८२ | लिला कुमारी पोखरेल | ४।७८३ | १२००० | २०७९।०५।२६ | पहिलो त्रैमासिक पुरै भुक्तानी | ४५३३ |
| १९९६१२३०४८३३५ | भिम नारायण श्रेष्ठ | १९५ | १२००० | २०७९।०९।२१ | दोस्रो त्रैमासिक पुरै भुक्तानी | १२०० |
| २०२८०८१८००६०८ | कमला राई | १४३०३५।३५६ | ६३८४ | २०७९।०६।२१ | दोस्रो त्रैमासिक पुरै भुक्तानी | ७०२२ |
| २००१०१०४०१२९३ | छलि माया खड्का | १४३०३५२१९ | १२००० | २०७९।०९।२९ | तेस्रो त्रैमासिक सम्म पुरै भुक्तानी | १२१३३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २००५१२३०२४१६५ | समाने सार्की | ४।२७७ | १२००० | २०७९।११।१४ | तेस्रो त्रैमासिक पुरै भुक्तानी | ६१३३ |
| १९९२०१०३००१९९ | नर बहादुर खत्री | २१७१६२७ | १२००० | २०७९।१२।१९ | तेस्रो त्रैमासिक पुरै भुक्तानी | १४६७ |
| २००६१२३०२४१७१ | लाल बहादुर वि. क. | १४३०३५।४०७ | १२००० | २०७९।०९।१० | दोस्रो त्रैमासिक पुरै भुक्तानी | २६६७ |
| १९९९१२३०५६६३४ | पदम माया खड्का | ४।१०१८।११६५ | १२००० | २०७९।०५।१९ | पहिलो त्रैमासिक पुरै भुक्तानी | ५४६७ |
| **वडा नं २** | | | | | | |
| १९९५१२२९०२६२५ | रत्नमाया श्रेष्ठ | ४४६ | १२००० | २०७९।०६।१९ | पहिलो त्रैमासिक पुरै भुक्तानी | १४६७ |
| २००३१२३१५७६४८ | चन्द्रमाया राई | ४।६५ | १२००० | २०७९।१२।०५ | तेस्रो त्रैमासिक पुरै भुक्तानी | ३३३३ |
| **जम्मा** | | | | | | **५५५५५** |

साथै अन्य वडाहरुको हकमा पालिका आफैंले परीक्षण गरी बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचितकोषमा जम्मा गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | **५५,५५५** |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : ताप्ली गाउँपालिका, उदयपुर, ताप्ली गाउँपालिका, उदयपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भक्त बहादुर राई | २०७९-१०-१६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Ramchandra Lama | २०७७-८-४ | २०७९-८-१९ |
| लेखा प्रमुख | Tikaram Bishwakarma | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेस्की |
|---|---|---|---|---|---|
| ३,२१५,३२९ | २१,८३६,८०४ | २६,३६५,१५९.४१ | ० | ० | ४५,००० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रू. | | | | | ५१,४६२,२९२.४१ |
| प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी संपरीक्षण भएको रकम रू. | | | | | ९,१८१,९४४.४ |
| संपरीक्षणबाट थप भएको बेरुजु रू. | | | | | १९,२०० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रू. | | | | | ४२,२९९,५४८.०१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | | १९२७८२८८.७८ |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७६१०१४७७.८१ | चालु खर्च | २३६८६२३३३.१७ |
| प्रदेश सरकारबाट अनुदान | २२९३००७४ | पुँजीगत खर्च | १२११००४२७.८ |
| राजश्व बाँडफाँट | ६४३२१९६३.२८ | वित्तीय/अन्य व्यवस्था | ७०१६२१२०.१९ |
| आन्तरिक आय | ४४२८२५४.५४ | | |
| अन्य आय | ७०३७२१०६.७५ | | |
| कुल आय | ४३८१५३८७६.३८ | कुल खर्च | ४२८१२४८८१.१६ |
| बाँकी मौज्दात | | | २९३०७२८४ |

**बेरूजु दफा ७५ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| भौचर नं र मिति | निर्माण व्यवसायीको नाम | कार्यक्षेत्र | लागत अनुमान/ कार्यदिशमा चेनेज र माटोको परिमाण | सम्पन्न चेनेज र माटोको परिमाण | घटी लम्बाई |
|---|---|---|---|---|---|
| ७३-२०८०।०३।२२ | एस मैनि मल्टिपर्पोज प्रा. लि . | फुर्से पिपलभञ्याङ्ग सडक | १+१८० देखि १+६४०, ५५३१ घ. मि. | १+१८० देखि १+५०० ६५०१ घ. मि. | १४० मि. |
| ७५-२०८०।०३।२२ | बाम्बुले कन्स्ट्रक्सन प्रा. लि . | फुर्से पिपलभञ्याङ्ग सडक | १+६४० देखि २+३००, ५५६९ घ. मि. | चेनेज १+५०० देखि १+८००, ७००८ घ.मि | ३६० मि. |
| ९१-२०८०।०३।२४ | शंकरापुर इन्द्रायणी कन्स्ट्रक्सन प्रा. लि . | पिपल भञ्याङ्ग जैसी टोल | ०+००० देखि ०+४५०, १०५४.५० घ. मि. | चेनेज ०+००० देखि ०+२६०, ९९३.४० घ.मि. | १९० मि. |
| | | ताम्राखर्क हबुवा सडक | ०+००० देखि ०+५७०, ३७११.९० घ.मि. | चेनेज ०+००० देखि ०+२६०, २६३०.४० घ.मि. | ३१० मि. |
| | | भैंसेटार देखि आसकन्टे ककुर भञ्याङ्ग सडक | ०+००० देखि ०+२७०, १९९२.९० घ.मि. | चेनेज ०+००० देखि ०+१६०, १८७० घ.मि. | ११० मि. |
| | | ताम्राखर्क साकेला सडक | ०+००० देखि ०+५४०, २९८९.८० घ.मि. | चेनेज ०+००० देखि ०+३६०, ३१८२.८० घ.मि. | १८० मि. |
| १०-२०८०।०३।२४ | ग्लोबल कन्स्ट्रक्सन प्रा. लि. | काफल भञ्याङ्ग बेतनी बाछछाङ्ग सडक | ०+००० देखि १+०००, ५३६५ घ.मि. | चेनेज ०+००० देखि ०+५२०, ६८४८ घ.मि . | ४८० मि. |
| १९१-२०८०।०३।०९ | त्रिवेणी ईन्जिनियरिङ्ग एण्ड सप्लायर्स | फुस्रे पिपलभञ्याङ्ग लिम्पाटार | ०+००० देखि १+५००, १९८४० घ.मि. | चेनेज ०+००० देखि १+१८०,२०५०४ घ.मि. | ३२० मि. |

## संपरीक्षणबाट थप भएको बेरूजु

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका,२०७७ को परिच्छेद ७ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित गाउँपालिकास्तरीय सहायकस्तर/अन्य तालिममा हुने खर्च विवरण सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले सहकारी व्यवस्थापन तथा लेखा सम्बन्धी तालिम लोक बहादुर थापा मार्फत सञ्चालन गरी रू.२,००,०००/- भुक्तानी गरेकोमा उक्त तालिमको खर्च परीक्षण गर्दा देहायअनुसार निर्देशिकाले व्यवस्था गरे भन्दा बढी दरमा खर्च लेखेको पाइयो। यसरी निर्देशिका विपरित बढी दरमा भुक्तानी भएको रकम कार्यक्रम सञ्चालकबाट असुल गर्नुपर्ने रू. | १९२००.०० |

| खर्च विवरण | संख्या | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| सहभागी भत्ता | १६*४ | १००० | ७०० | १९२०० |
| जम्मा | | | | १९२०० |